# वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०

## (Environment Friendly Local Governance Framework, 2013)

(नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत मिति २०७०।०६।२३)

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# वातावरणमैत्री
# स्थानीय शासन प्रारुप, २०७०

## (Environment Friendly Local Governance Framework, 2013)

(नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत मिति २०७०।०६।२३)


नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# प्रस्तावना

योजना प्रक्रियामा वातावरण, जलवायु परिवर्तन अनुकुलन, विपद एवं फोहर व्यवस्थापन सम्बन्धी विषयहरू मूलप्रवाहीकरण गर्न र स्थानीय शासन पद्धतिलाई वातावरणमैत्री बनाई दीगो विकास गर्न आधारभूत तहदेखि नै सबैलाई जिम्मेवार बनाउन आवश्यक छ । वातावरण, जनसंख्या, गरिवी र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरणको दीगो व्यवस्थापनका लागि यसका आयामहरूलाई स्थानीयकरण गर्दै स्थानीय स्वामित्व बढाउन विभिन्न क्षेत्रगत ऐन, नियम र नीतिमा छरिएर रहेका विषयहरुलाई सरल र मापनयोग्य सूचक सहित वातावरणमैत्री स्थानीय शासनको प्रारूप तयार गरिएको छ ।

स्थानीय निकायको नेतृत्वदायी भूमिकामा यस प्रारूपका सूचकहरू हासिल गरी घरपरिवार, टोलवस्ती, वडा, गाउं तथा नगर एवं जिल्ला हुंदै देशलाई नै वातावरणमैत्री बनाउने उद्देश्यले नेपाल सरकारले वातावरणमैत्री स्थानीय शासनको प्रारूप जारी गरेको छ ।

# विषय-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **अध्याय १ प्रारम्भिक** | **१-४** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ दीर्घकालीन सोच | २ |
| १.३ उद्देश्य | २ |
| १.४ अपेक्षित प्रतिफलहरु | २ |
| १.५ कार्यक्षेत्र | २ |
| १.६ सिद्धान्त | २ |
| १.७ प्रारुपको औचित्य | ३ |
| १.८ प्रारूप तयारीको आधार | ३ |
| १.९ सूचकहरूको परिभाषा | ३ |
| **अध्याय २ विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरु** | **५-१०** |
| २.१ स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली | ५ |
| २.२ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ | ९ |
| २.३ फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० | ९ |
| २.४ त्रिवर्षिय योजना (२०६७।६८–२०६९।७०) तथा तेहौं योजनाको आधारपत्र (२०७०।७१–२०७२।७३) | ९ |
| २.५ राष्ट्रिय भू-उपयोग नीति, २०६९ | ९ |
| २.६ सहस्राब्दी विकास लक्ष्य | ९ |
| २.७ स्थानीय निकाय न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिहरु | १० |
| २.८ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ | १० |
| **अध्याय ३ नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु** | **११-२२** |
| ३.१ घरपरिवार तह | ११ |
| ३.२ टोल तह | १३ |
| ३.३ वडा तह | १५ |
| ३.४ नगरपालिका तह | १७ |
| **अध्याय ४ गा.वि.स. क्षेत्रका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु** | **२३-३२** |
| ४.१ घर परिवार तह | २३ |
| ४.२ वडा तह | २५ |
| ४.३ गा.वि.स तह | २७ |
| **अध्याय ५ जिल्ला तहका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु** | **३३-३८** |
| **अध्याय ६ कार्यान्वयन व्यवस्था** | **३९-५६** |
| ६.१ कार्यान्वयन रणनीति | ३९ |
| ६.२ कार्यान्वयनका चरणहरु | ३९ |
| ६.३ उत्प्रेरणाका तरिका | ४३ |
| ६.४ संस्थागत संरचना | ४५ |
| ६.५ वित्तिय स्रोत व्यवस्थापन | ५२ |
| ६.६ जनशक्ति | ५२ |
| ६.७ सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी | ५२ |
| ६.८ सूचकको परिमार्जन तथा व्याख्या | ५७ |
| **अनुसूचि** | **५८-६०** |

## तालिका


तालिका १ स्थानीय स्वायत्त शासन ऐन नियममा भएका प्रावधानहरू

तालिका २ नगर क्षेत्रका घरपरिवार तहका आधारभूत सूचकहरू

तालिका ३ नगर क्षेत्रका घरपरिवार तहका विकसित सूचकहरू

तालिका ४ नगर क्षेत्रका टोल तहका आधारभूत सूचकहरू

तालिका ५ नगर क्षेत्रका टोल तहका विकसित सूचकहरू

तालिका ६ नगर क्षेत्रका वडा तहको आधारभूत सूचकहरू

तालिका ७ नगर क्षेत्रका वडा तहका विकसित सूचकहरू

तालिका ८ नगरपालिका क्षेत्रका आधारभूत सूचकहरू

तालिका ९ नगरपालिका क्षेत्रका विकसित सूचकहरू

तालिका १० गा.वि.स. क्षेत्रका घरपरिवार तहका आधारभूत सूचकहरू

तालिका ११ गा.वि.स. क्षेत्रका घरपरिवार तहका विकसित सूचकहरू

तालिका १२ गा.वि.स. क्षेत्रका वडा तहका आधारभूत सूचकहरू

तालिका १३ गा.वि.स. क्षेत्रका वडा तहका विकसित सूचकहरू

तालिका १४ गा.वि.स. क्षेत्रका आधारभूत सूचकहरू

तालिका १५ गा.वि.स. क्षेत्रका विकसित सूचकहरू

तालिका १६ जिल्लाका आधारभूत सूचकहरू

तालिका १७ जिल्लाका विकसित सूचकहरू

तालिका १८ नगरपालिकाको विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि

तालिका १९ गा.वि.स. क्षेत्रका विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि

१

अध्याय

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ ले स्वच्छ, वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राज्यको निर्देशक सिद्धान्तमा राज्यले स्वच्छ वातावरण कायम गर्न आवश्यक व्यवस्था गर्ने, भौतिक विकाससम्बन्धी गतिविधिहरू सञ्चालन गर्दा वातावरणलाई संरक्षण गर्ने, जनसाधारणमा वातावरणीय चेतना जगाउने, दुर्लभ वन्यजन्तु, वन, वनस्पति एवम् जैविक विविधताको संरक्षण गर्दै तिनीहरूको विकासलाई दिगो रूपमा उपयोग गरी त्यसबाट प्राप्त हुने लाभलाई समतामूलक ढङ्गले बाँडफाँड गर्ने कुरा उल्लेख गरिएको छ ।

सहस्राब्दी विकास लक्ष्य, त्रिबर्षीय योजना तथा चालु तेह्रौं योजना, फोहरमैला व्यवस्थापन ऐन तथा नियमावली, वातावरण संरक्षण ऐन तथा नियमावली, स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्ययोजना (NAPA), विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, दीर्घकालीन कृषि नीति, राष्ट्रिय कृषि नीति २०६१, स्थानीय पूर्वाधार विकास नीति, राष्ट्रिय ग्रामीण ऊर्जा नीति, सरसफाई गुरुयोजना, स्थानीय निकाय स्रोत परिचालन तथा खर्च व्यवस्थापन कार्यविधि, स्थानीय शासन सञ्चालनमा सहयोग पुऱ्याउन मन्त्रालयबाट जारी भएका कार्यविधि एवम् निर्देशिकाहरू, स्थानीय निकायमा जाने अनुदानलाई कार्य-सम्पादनमा आधारित बनाउन जारी भएका न्यूनतम शर्त तथा कार्य-सम्पादन मापनसम्बन्धी कार्यविधिहरूले फोहरमैला व्यवस्थापन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन सम्बन्धी आधारभूत कार्य स्थानीय निकाय आफैंले वा उनीहरूको नेतृत्व वा समन्वयमा सम्पादन हुने व्यवस्था गरेको छ ।

उपर्युक्त संबैधानिक, कानूनी र नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न जनसहभागितालाई अपरिहार्य ठानिएको छ । स्थानीय निकायहरू मार्फत वातावरण संरक्षणलाई प्रोत्साहित गर्दै वातावरणमैत्री स्थानीय विकासको अवधारणालाई सार्थक पार्न **वातावरणमैत्री स्थानीय शासनको प्रारुप २०७०** जारी गरिएको छ ।

## १.२ दीर्घकालीन सोच

घर-परिवारदेखि गाउँ, नगर तथा जिल्लासम्म वातावरणीय शासनलाई स्थापित गरी सुन्दर र वातावरणमैत्री समाजको सृजना गर्नु यस प्रारुपको दीर्घकालीन सोच रहेको छ ।

## १.३ उद्देश्य

वातावरणमैत्री स्थानीय शासनको प्रारुप, २०७० का उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

१. स्थानीय योजना प्रक्रियामा वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन सम्बन्धी विषयहरूलाई मूलप्रवाहीकरण गर्ने,
२. स्थानीय शासन-पद्धतिलाई वातावरणमैत्री बनाउने,
३. वातावरणमैत्री दीगो विकास गर्न आधारभूत स्तरदेखि नै सबैलाई जिम्मेवार गराउने,
४. वातावरण र विकासमा समन्वय तथा सहकार्य गर्न प्रोत्साहित गर्ने र
५. वातावरणको दीगो व्यवस्थापनका लागि यसका आयामहरूलाई स्थानीयकरण गर्दै स्थानीय स्वामित्व बढाउने ।

## १.४ अपेक्षित प्रतिफलहरू

वातावरणमैत्री स्थानीय शासनको प्रारुप, २०७० बाट देहायका प्रतिफलहरू प्राप्त हुने अपेक्षा राखिएको छः

१. स्थानीय निकायहरूको आवधिक तथा वार्षिक कार्यक्रमहरू वातावरणमैत्री बनाउन स्पष्ट प्रारुप उपलब्ध हुने,
२. नेपाल सरकारका विषयगत मन्त्रालय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं निजी क्षेत्र सबैलाई यस प्रारुपमा उल्लेखित सूचकहरू हासिल गर्ने गरी आफ्ना योजना तथा कार्यक्रम तर्जुमा गर्न आधार प्राप्त हुने,
३. स्थानीय तहदेखि केन्द्रसम्म वातावरणमैत्री शासनको संस्थागत विकासमा सहयोग पुग्ने,
४. आधारभूत तहदेखि नै वातावरणीय सचेतना वृद्धि हुने,
५. वातावरण संरक्षणसम्बन्धी बहुपक्षीय कार्यहरूको प्रारम्भ हुने र
६. देशभर वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्षेत्रमा सुधार हुने ।

## १.५ कार्यक्षेत्र

वातावरणमैत्री स्थानीय शासनको प्रारुपका सूचकहरूलाई चरणबद्ध रूपमा नेपालका सबै बस्ती, वडा, गा.वि.स., नगरपालिका तथा जिल्लामा कार्यान्वयन गरिनेछ । मुलुकभित्रका सबै घरपरिवार यस प्रारुपको प्रभाव क्षेत्रभित्र पर्नेछन् ।

## १.६ सिद्धान्त

देहायको सिद्धान्तमा आधारित रही यो प्रारुप तयार गरिएको छः

१. घर–परिवार तहबाट सम्पादन हुने कामको लागि सोही तहलाई आवश्यक कार्य–वातावरणसहित जिम्मेवार बनाउनुपर्दछ र सो तहबाट सम्पादन हुन नसक्ने काममा मात्र माथिल्लो तहका निकायहरू संलग्न हुनुपर्दछ भन्ने सन्निकटताको सिद्धान्तको आधारमा यो प्रारुप तयार गरिएको छ ।
२. निक्षेपणको अवधारणाअनुसार स्थानीय तहमा वातावरण संरक्षणसम्बन्धी कार्य स्थानीय निकायहरूको नेतृत्वदायी भूमिकामा सञ्चालन गर्न प्रोत्साहित गरिएको छ ।
३. घर–परिवारदेखि जिल्लासम्मका विभिन्न तहमा वातावरण व्यवस्थापनका कार्य प्रभावकारी बनाउन सकारात्मक प्रतिस्पर्धालाई महत्वपूर्ण उत्प्रेरकको रूपमा लिइएको छ ।

उत्प्रेरणाको माध्यमको रूपमा वातावरणमैत्री लोगो र कदर पत्रलाई लिइएको छ ।

४. आफूले गरेको प्रदूषणको नैतिक तथा वित्तीय भार प्रदूषणकर्ता स्वयंले ब्यहोर्नुपर्छ भन्ने सिद्धान्तलाई यस प्रारुपमा आत्मसात् गरिएको छ ।

५. वातावरण संरक्षणको अभियान सञ्चालन गर्दा सामाजिक न्याय, वातावरणीय न्याय तथा आर्थिक समताजस्ता दिगो विकासका अन्तर्निहित सिद्धान्तलाई अवलम्बन गरी तदनुरुपका सूचकहरू यस प्रारुपमा स्थापित गरिएको छ ।

६. वातावरण संरक्षणले विकासका वहुपक्षीय मुद्दाहरु (जस्तैः गरिबी घटाउने, सरसफाई हासिल गर्ने, शैक्षिक चेतना हासिल गर्ने तथा जनस्वास्थ्यको प्रवर्द्धन गर्ने आदि विषयहरू)लाई एक–अर्काका परिपूरकका रूपमा हासिल हुने अवधारणा यस प्रारुपमा अवलम्बन गरिएको छ । यसका साथै दिगो बहुआयामिक विकासका लागि विपद् व्यवस्थापनलाई यसको एउटा अभिन्न अंगको रूपमा लिइएको छ ।

## १.७ प्रारुपको औचित्य

यस प्रारुपको औचित्य देहाय बमोजिम रहेको छः

१. वातावरणमा परेका र पर्ने नकारात्मक असर घरपरिवार वा व्यक्तिमा नै पर्ने हुँदा वातावरण संरक्षणमा पनि व्यक्ति, घर–परिवार तथा समुदायको सहभागिता प्रवर्द्धन गर्नु,

२. विकासबाट लाभ पाउने र विनासबाट सिधै दुःख झेल्नुपर्ने घरपरिवारलाई वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा व्यापक रूपमा सरिक गराई जरैदेखि वातावरण संरक्षणका अभियानलाई अघि बढाउन दिशानिर्देश गर्नु,

३. फोहरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, जैविक विविधता संरक्षण, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका सन्दर्भमा सबैको काम, कर्तब्य, र जिम्मेवारी स्पष्ट पार्नु,

४. आ-आफ्नो जिम्मेवारी र हासिल गर्नुपर्ने नतीजाका सम्बन्धमा स्पष्टता ल्याउनु,

५. वातावरण संरक्षणका लागि सबै साझेदारहरूबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु,

६. सबै स्थानीय निकायहरूलाई वातावरण संरक्षण, फोहर व्यवस्थापन एवम् विपद् व्यवस्थापनका विषयमा सम्वेदनशील बनाउनु,

७. स्थानीय योजना प्रक्रियामा वातावरणलाई मूलप्रवाहीकरण गरी यससम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्न जोड दिनु ।

## १.८ प्रारुप तयारीको आधार

यो प्रारुप तयार गर्दा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी प्रचलित कानून तथा नीतिगत व्यवस्थालाई आधार लिइएको छ । साथै नेपाल सरकारले जारी गरेका विभिन्न कार्यविधि, निर्देशिका, गुरूयोजनाहरूको विश्लेषण, सम्बन्धित निकायहरूबाट औपचारिक र अनौपचारिक रूपमा प्राप्त विभिन्न सुझावहरूलाई आधार मानी यो प्रारुप तयार गरिएको छ ।

## १.९ सूचकहरूको परिभाषा

यस प्रारुपमा घरपरिवार, टोलवस्ती, वडा, गाउँ तथा नगर एवं जिल्ला तहका लागि वातावरणमैत्री आधारभूत सूचक र विकसित सूचक गरी छुट्टाछुट्टै सूचकहरूको व्यवस्था गरिएको छ ।

क) आधारभूत सूचकः वातावरणमैत्री घोषणा हुनको लागि घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रुपमा पुरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचकहरू आधारभूत सूचक हुन् ।

सम्बन्धित तहका सबै आधारभूत सूचकहरु पुरा गरेपछि सो तहलाई वातावरणमैत्री कदर वा सम्मान प्रदान गरिनेछ ।

ख) विकसित सूचकः माथिल्लो स्तरका सूचकहरूलाई विकसित सूचकको रुपमा राखिएको छ । वातावरणमैत्री घोषणा हुनको लागि यी सूचकहरू पुरा गर्नु अनिवार्य नभए तापनि थप स्तरीकरण (तारा) को लागि विकसित सूचकको गणना गरिन्छ । वातावरणमैत्री थप कृयाकलाप गर्न प्रोत्साहित गर्ने उद्देश्यले विकसित सूचकहरूको व्यवस्था गरिएको हो ।

ग) विशिष्ट सूचकः कुनै गाउँ विकास समिति, नगरपालिका तथा निश्चित भौगोलिक क्षेत्रमा विशेष सोच (Vision) राखी वातावरणमैत्री विकासका कृयाकलाप सञ्चालन गर्न सम्बन्धित निकायबाट प्रस्ताव पेश भई केन्द्रीय कार्यान्वयन समन्वय समितिबाट स्वीकृति प्रदान गरिएका सूचकहरू विशिष्ट सूचक हुन । हरितनगर, धार्मिकनगर, पर्यटकीय नगर आदि जस्ता विशेष विशेषतायुक्त नमुना नगर/गाउँ/निश्चित भौगोलिक क्षेत्र आदिका लागि थप विशेष सूचकहरू बनाई कार्यान्वयन गर्न सकिनेछ ।

घ) वातावरणमैत्री सार्वजनिक कार्यालयः वातावरणमैत्री सार्वजनिक कार्यालय भन्नाले यस प्रारुपको अनुसूचि १ मा उल्लेखित सूचकहरु पुरा गरी सम्बन्धित निकायबाट वातावरणमैत्री घोषणा भएका सार्बजनिक कार्यालयलाई जनाउनेछ ।

एक पटक आधारभूत सूचकहरु हासिल गरी वातावरणमैत्री घोषणा भईसकेपछि कुनै कारणवश उक्त सूचक उल्लंघन गरेको पाईएमा वातावरणमैत्री घोषणा/सम्मान/कदर प्रदान गर्ने निकायले निर्णय गरी उक्त सम्मान/कदर/लोगो निष्कृय गर्न सक्नेछ ।

२

अध्याय

# विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरू

वातावरणमैत्री स्थानीय शासनसंग सम्बन्धित राष्ट्रिय नीति, ऐन कानून, नियमावली तथा  निर्देशिकाहरूमा भएका व्यवस्थाहरूलाई सङ्क्षेपमा तलका अनुच्छेदहरूमा उल्लेख गरिएको छः

## २.१ स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली

यस ऐनले वातावरण संरक्षणसम्बन्धी देहायका कार्यहरु गर्ने गरि स्थानीय निकायहरूलाई जिम्मेवारी दिएको छः

तालिका १: स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा भएका प्रावधानहरू

| गा.वि.स | | नगरपालिका | | जि.वि.स | |
|---|---|---|---|---|---|
| स्था.स्वा.शा. ऐन | स्था.स्वा. शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा. नियमावलि |
| **दफा २८: काम कर्तव्य र अधिकार**<br>(१) (ज) वन तथा वातावरणसम्बन्धी<br>(१) (ट) विविध कार्यहरू, प्राकृतिक प्रकोपसम्बन्धी | नियम ४७: गाउँ परिषद्द्वारा विषयगत समिति गठन गर्ने, (कृषि, वन तथा वातावरण समिति) | **दफा ९६, काम, कर्तव्य र अधिकार**<br>**उपदफा १**<br>**(ख), भौतिक विकाससम्बन्धी**<br>- भूउपयोग नक्सा बनाई कार्यान्वयन गर्ने गराउने | - नियम ११७ मा नगर परिषद्ले परिषद्को सदस्यको अध्यक्षतामा विषयगत समिति गठन गर्न सक्ने (अन्य समितिका अलावा कृषि, वन र वातावरण समिति | **दफा १८९: काम,, कर्तव्य र अधिकार**<br>उपदफा (७) मा वन तथा वातावरण सम्बन्धी उपदफा १६ (ख) प्राकृतिक प्रकोप सम्बन्धी | नियम १९३ मा जिल्ला परिषद्द्वारा समिति गठन गर्ने, (ख) कृषि, वन तथा वातावरण समिति |

| गा.वि.स | | नगरपालिका | | जि.वि.स | |
|---|---|---|---|---|---|
| स्था.स्वा.शा. ऐन | स्था.स्वा. शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा.नियमावलि |
| | | - आवास योजना बनाई कार्यान्वयन गर्ने गराउने,<br>- हरियाली क्षेत्र, उद्यान र मनोरञ्जन स्थलको विकास गर्ने गराउने,<br>- सार्वजनिक शौचालयको व्यवस्था गर्ने गराउने<br>- घर र भवन आदिको नक्सा पास गर्ने गराउने,<br>**(ग) जलस्रोत, वातावरण र सरसफाई सम्बन्धी**<br>- खोलानाला, कुवा, इनार, पोखरी, तलाउ एवम ढुङ्गेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने गराउने,<br>- नदी कटान, बाढी तथा भूक्षय आदिको नियन्त्रण र रोकथाम गर्ने गराउने,<br>- जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण कार्यमा सहयोग गर्ने गराउने,<br>- सरसफाईको कार्यक्रम सञ्चालन गर्ने गराउने,<br>- फोहरमैला सङ्कलन तथा ढुवानी तह लगाउनेसम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने गराउने,<br>**(छ) स्वास्थ्य सेवासम्बन्धी**<br>- महामारी तथा संक्रामक रोगको रोकथामको व्यवस्था गर्ने गराउने,<br>- जनस्वास्थ्यको लागि हानिकारक चीज-वस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने, हटाउने, | गठन गर्न सक्ने प्रावधान रहेको) । | | |

| गा.वि.स | | नगरपालिका | | जि.वि.स | |
|---|---|---|---|---|---|
| स्था.स्वा.शा. ऐन | स्था.स्वा. शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा.नियमावलि |
| | | **(झ) उद्योग तथा पर्यटनसम्बन्धी**<br>- प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गर्ने गराउने ।<br><br>**(ञ) अन्य**<br>- सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा वृक्षरोपण गर्ने गराउने<br>- दैवी-प्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।<br><br>**(२) ऐच्छिक काम**<br>- नदी प्रदूषण नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गर्ने । | | | |
| गा.वि.स. योजना दफा ४३ (३)(च) वातावरण संरक्षण उपदफा (५)(च) प्रदूषण नियन्त्रण | | **नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया**<br><br>**दफा १११**<br>(१) योजना तर्जूमा गर्दा नगरको विकास सन्तुलित र नियोजित तुल्याउन आवश्यकता अनुसार भूउपयोग, भू एकीकरण र निर्देशित जग्गा विकास जस्ता योजना सञ्चालन गर्नुपर्ने । | | दफा १९५, आवधिक जिल्ला विकास योजना तर्जुमा<br>उपदफा (४) योजनामा समावेश हुने विषयमा (ग) पिछडिएका समुदाय र गरिब जनसङ्ख्याको विकास, | नियम १९८ आवधिक योजना तर्जुमा, नियम २०६ आयोजनाको प्रभाव मूल्याङ्कन गर्नुपर्ने, (घ) वातावरणीय प्रभाव |
| दफा ४५: आयोजनाको सम्भाव्यता अध्ययन गर्नुपर्ने, | | **दफा ११३: आयोजनाको सम्भाव्यता अध्ययन गर्नुपर्ने**<br>दफा ११४, आयोजना छनौट,<br>उपदफा (२) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्वर्द्धन गर्ने किसिमले गर्नुपर्ने । | | दफा २०० कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने | |

| गा.वि.स | | नगरपालिका | | जि.वि.स | |
|---|---|---|---|---|---|
| स्था.स्वा.शा. ऐन | स्था.स्वा. शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा. नियमावलि | स्था.स्वा.शा. ऐन | स्था.स्वा.शा.नियमावलि |
| दफा ४६: योजना छनौट आधार<br>उपदफा २:<br>आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्वर्द्धन गर्ने किसिमले गर्नुपर्ने । | | (४) योजना तर्जूमा गर्दा प्राथमिकता दिनुपर्ने आयोजनाहरू<br>(च) वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुऱ्याउने । | | दफा २०१ **प्राथमिकता निर्धारण**<br>(घ) वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रम<br>दफा २०२: योजना छनौटका आधार उपदफा (१)(क) आयोजना छनौट गर्दा वातावरण संरक्षण हुने । | |
| **भवन निर्माण सम्बन्धी** | | **भवन निर्माणसम्बन्धी**<br>**दफा १४९**: नगरप्रमुखबाट भवन निर्माण स्वीकृति नलिई कसैले पनि भवन निर्माण गर्न नहुने ।<br><br>**दण्ड सजाय**<br>**दफा १६५**, सजाय गर्न सक्ने,<br>- निर्दिष्ट स्थानमा फोहोर नफाली जतातत‌ै फोहोर फालेमा,<br>- कसैले आफ्नो घर, छिमेकीको घर तथा आँगन चोकमा फोहोर फालेमा वा वातावरण दुर्गन्धित गरेमा । | | | |
| **नेपाल सरकारले निर्देशन दिन सक्ने (दफा २३४)** | पर्यावरण सन्तुलन जस्ता विषयले प्रश्रय पाए नपाएको जस्ता विषयमा नेपाल सरकारले नियमित अनुगमन गरी निर्देशन दिनसक्ने । | | | | |

## २.२ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४

वातावरण संरक्षण ऐन, २०५३ ले वातावरणीय विनासवाट पर्ने प्रतिकूल प्रभावलाई न्यून गर्न, अनुकूल प्रभावलाई बढोत्तरी गर्दै स्वच्छ तथा स्वस्थ वातावरण कायम राख्न बिभिन्न प्रावधानहरू समावेश गरेको छ । विकास निर्माणका कार्यहरु गर्नु अघि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने बारे स्पष्ट व्यवस्था गरेको छ ।

## २.३ फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७०

समग्ररुपमा फोहरमैलाको व्यवस्थापन सम्बन्धमा विधि, प्रक्रिया तथा जिम्मेवारी किटान गरिएको प्रस्तुत ऐन तथा नियमावलीमा फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न व्यवस्थाहरू गरिएको छ ।

## २.४ त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) तथा तेह्रौं योजनाको आधारपत्र (२०७०/७१-२०७२/७३)

मानवीय गतिविधि एवम् विकास निर्माण कार्यलाई वातावरणमैत्री बनाई हरियाली विकासको अवधारणा प्रवर्द्धन गर्ने, जलवायु परिवर्तनका दुष्प्रभावलाई अनुकूलन तथा न्यूनीकरण गर्ने उद्देश्य रहेको त्रिवर्षीय योजनाको देहाय बमोजिम रणनीतिहरु रहेका थिए ।

१. विकास कार्य सञ्चालन गर्दा वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने,
२. प्राकृतिक प्रकोपको रोकथाम, गरिबी न्यूनीकरण, गरिबोन्मुख वातावरण आयोजना र जलवायु परिवर्तन अनुकूलन जस्ता कार्यको नियमितता तथा प्राकृतिक स्रोतहरूको दिगो संरक्षण तथा उपयोग गर्ने ।

यस योजनामा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने पूर्वाधार विकासलाई सहभागितात्मक तवरबाट सञ्चालन गरिने कुरामा विशेष जोड दिइएको थियो ।

यसैलाई निरन्तरता दिँदै तेह्रौं योजनाको आधारपत्रमा सङ्घीयता, विकेन्द्रीकरण तथा स्वायत्त शासन शीर्षक अन्तर्गतको रणनीति (६) तथा कार्यनीति (२६,२७,२८,२९) मा वातावरमैत्री स्थानीय शासनको खाका तयार गरी कार्यान्वयन गरिने प्रतिबद्धता उल्लेख भएको छ ।

## २.५ राष्ट्रिय भू-उपयोग नीति, २०६९

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले स्थानीय निकायलाई भू-उपयोग सम्बन्धमा जिम्मेवार बनाएको सन्दर्भमा त्यस्तो व्यवस्थालाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन राष्ट्रिय भू-उपयोग नीति, २०६९ जारी भएको छ ।

## २.६ सहस्राब्दी विकास लक्ष्य

सन् २००० मा विश्वका १८९ मुलुकका सरकार प्रमुख तथा राष्ट्राध्यक्षहरूबाट संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट घोषणा गरेका प्रतिबद्धताहरूमध्ये वातावरण संरक्षण पनि एक रहेको छ । यस विश्वव्यापी प्रतिवद्धतामा जम्मा ८ वटा लक्ष्य निर्धारण गरिएको छ । यस मध्ये सातौँ लक्ष्यमा वातावरणीय दिगोपना सुनिश्चित गर्ने लक्ष्य रहेको छ । यसका लक्ष्यहरू तथा सम्बन्धित सूचकहरू तल दिइएको छ :-

१) दिगो विकासका सिद्धान्तहरूलाई देशको नीति/कार्यक्रममा समावेश गर्ने,
   (क) वन क्षेत्रले ढाकेको भू-उपयोगको अनुपात,
   (ख) कार्वनडाइअक्साइड उत्सर्जन र ओजोन तह विनास गर्ने वस्तुको उपयोग र
   (ग) सुरक्षित जैविक सीमामा माछाको उपलब्धता ।

२) सुरक्षित पिउने पानी प्राप्त गर्नबाट वञ्चित जनताको अनुपात आधा घटाउने, र

  (क) सुरक्षित स्रोतबाट पिउने पानी प्रयोग गर्ने जनसङ्ख्या अनुपात र

  (ख) सुधारिएको सरसफाई सुविधा उपयोग गर्ने जनसङ्ख्या अनुपात ।

३) असुरक्षित क्षेत्रमा बसोबास गर्ने कम्तीमा १० करोड मानिसहरूलाई सन् २०२० सम्ममा उत्साहवर्द्धक सुधार ल्याउने रहेका छन् ।

सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्नु राज्यको जिम्मेवारी भएको हुनाले स्थानीय निकायहरूले यी लक्ष्यहरू हासिल गर्ने गरी काम गर्नुपर्ने हुन्छ ।

## २.७ स्थानीय निकाय न्यूनतम शर्त तथा कार्य-सम्पादन मापन कार्यविधिहरू

न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्यांकन गरी स्थानीय निकायहरूलाई दिइने बार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्ने प्रयोजनका लागि जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको लागि छुट्टाछुट्टै लागू गरिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्य विधिहरूका विभिन्न सूचकहरूमा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, जलवायु परिवर्तन एवं विपद् व्यवस्थापन सम्बन्धी सूचकहरू समावेश गरिएको छ ।

## २.८ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

यस कार्यविधिमा स्थानीय निकायहरूले देहाय बमोजिमका क्षेत्रहरूमा समेत आफ्नो लगानी गर्नुपर्ने गरी व्यवस्था गरिएको छ :

(क) वन, वातावरण संरक्षण, जैविक विविधता, उद्यान तथा खुला एवम् हरियाली क्षेत्र, जलवायु परिवर्तन तथा नवीकरणीय ऊर्जा,

(ख) खानेपानी, सरसफाई, सिंचाइ तथा नदी नियन्त्रण,

(ग) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन, जग्गा एवम् बस्ती विकास कार्यक्रम,

(घ) जलस्रोत विकास तथा ग्रामीण विद्यूतीकरण,

(ङ) बजार प्रवर्द्धन तथा व्यवस्थापन,

(च) आर्थिक विकास पूर्वाधार (कृषिमा आधारित, गैरकृषिमा आधारित सेवा क्षेत्र),

(छ) फोहरमैला व्यवस्थापन तथा ढल निकास,

(ज) राष्ट्रिय भवन संहिताको कार्यान्वयन र सडकबत्ती व्यवस्थापन,

(झ) नवीकरणीय ऊर्जा विकास र प्रवर्द्धन,

(ञ) 'एक गाउँ एक उत्पादन' सम्बन्धी केन्द्रित कार्यक्रम,

(ट) खानेपानी तथा सरसफाई र खुला दिसामुक्त क्षेत्र,

(ठ) खेलकूद विकास, शारीरिक तथा मानसिक स्वस्थता सम्बन्धी क्रियाकलाप,

(ड) सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाई, उन्नत बीउविजन तथा प्रविधि विकाससंग सम्बन्धित क्षेत्रहरू (जस्तैः हरितगृह, गोठे मल-मूत्र सङ्कलन, कीटनाशक औषधि, आकाशे पानी संकलन एवम् सिंचाई प्रविधि आदि) ।

स्थानीय योजना तर्जुमा गर्दा अन्य कुराहरूको अतिरिक्त वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रण लगायतका वातावरणसंग सम्बन्धित कार्यक्रमहरू एकीकरण गरी तयार गर्नुपर्छ ।

३
अध्याय

# नगर क्षेत्रका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

## ३.१ घर–परिवार तह

### क: आधारभूत सूचकहरू

तालिका २: आधारभूत सूचकहरू

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| क) सरसफाई र स्वास्थ्य | | | | |
| १. प्यान (Water Seal) सहितको चर्पी, | १. घर कम्पाउण्डभित्र प्यान सहितको चर्पी प्रयोगमा आएको, | | | |
| २. घर कम्पाउण्ड भित्र फोहरको उचित व्यवस्थापन, | १. आफ्नो घर भान्साको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गारिक) गरी विभाजन गरिएको,<br>२. सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरिएको,<br>३. नसड्ने फोहरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको,<br>४. अन्य फोहरमध्ये हानिकारक फोहर (जस्तो ब्याट्री, सि.एफ्.एल्.चिम, फुटेका सिसा/बोतल, ट्युबलाइट आदि) र अन्य फोहर छुट्याई अलग अलग जम्मा गरी निर्धारित स्थलमा राख्ने गरिएको,<br>५. कुकुर पाल्ने घरधनीले आफ्नो कुकुरलाई घरक्षेत्र बाहिर खुला रूपमा दिसा गराउन पाईने छैन, गराएमा आफैले उठाएर आफ्नो परिसरमा नै व्यवस्थित गरि राख्ने गरेको, | | | |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ३. व्यक्तिगत सरसफाई | १. घर-परिवारका सबै सदस्यले खाना खानुअघि साबुन पानीले हात धुनुपर्छ भन्ने बुझेको,<br>२. शौचालय नजिक साबुन-पानीको व्यवस्था भएको, | | | |
| ख) नविकरणीय उर्जा | | | | |
| १. ऊर्जाको उपयोग | १. घरभित्र ऊर्जा खपत कम गर्ने चिमको प्रयोग (जस्तैः LED) भएको,<br>२ घरभित्र विद्युतको लागि डिजेल, मट्टितेल वा पेट्रोलबाट चल्ने उपकरणहरू प्रयोगमा नल्याइएको,<br>३. यदि खाना पकाउनको निमित्त इन्धनको रुपमा दाउरा प्रयोग गर्ने हो भने धुँवारहित सुधारिएको चुलोको प्रयोग गरेको,<br>४. घरमा इन्धनको लागि गुइँठाको प्रयोग नगरिएको, | | | |
| ग) हरियाली/सहरी सौन्दर्य | | | | |
| १. हरियाली तथा सहरी सौन्दर्य प्रवर्द्धन, | १. घर-आँगनमा थरीथरीका फूलबिरुवा वा यस्तै सजाउने बोटबिरुवाहरू भएको,<br>२. घर-परिसरमा बहुबर्षीय खालका कम्तिमा दुईवटा रुख भएको वा आफ्नो घर जग्गामा बिरुवा रोप्ने ठाउँ नभएको अवस्थामा घरको छाना/छतमा स-साना किसिमका बहुबर्षीय कम्तिमा दुईवटा रुख बिरुवा भएको, | | | |
| घ) खानेपानी | | | | |
| १. वर्षात् को पानी सङ्कलन/ भण्डारण, | १. बर्षात् मा घर-कम्पाउण्डभित्र परेको पानी ढल वा नालामा नपठाई सङ्कलन/भण्डारण (Rain Water Harvesting) गर्ने व्यवस्था मिलाएको वा आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने व्यवस्था गरिएको (Water Recharge), | | | |
| २. शुद्ध खानेपानी | २. सुरक्षित पिउने पानीका लागि शुद्धिकरणका उपायहरूको अवलम्बन गरिएको, | | | |

## ख: विकसित सूचकहरु

तालिका ३: विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| क) सरसफाई र स्वास्थ्य | | | | |
| १. सेप्टिक ट्याङ्कीसहित पक्की चर्पी, | १. सेप्टिक ट्याङ्कीको व्यवस्था गरी संचालनमा रहेको (ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेका नगरपालिकाहरुको हकमा यो सूचक निष्कृय हुनेछ), | | | * |
| २. घर-आँगन बाहिर सडकको सरसफाइ स्थिति, | १. आफ्नो घर-आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको, | | | * |
| ३. प्लाष्टिकका झोला नियमन, | १. प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको र यस सम्वन्धमा टोल विकास संस्था समक्ष लिखित प्रतिबद्धता गरेको, | | | * |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **ख) स्वच्छ ऊर्जाको प्रयोग** | | | |
| १. स्वच्छ ऊर्जाको उपयोग , | १. विद्युत सेवा नपुगेका घरमा वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रूपमा सौर्य ऊर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने गरेको, | | | * |
| | **ग) हरियाली तथा सहरी सौन्दर्य** | | | |
| १ घर-परिसरमा खुला ठाउँको व्यवस्थापन, | १. घर कपाउण्डभित्र कम्तीमा एक तिहाई जमिन घर नबनाई खाली राखेको, | | | * |
| २ सहरी सौन्दर्य | १. टोल सुधार समितिको सकृयतामा घरअगाडि बाहिरबाटै देखिने गरी गमलामा विभिन्न जातको फूल रोपेको (घरअगाडि यस्तो फूलसहितको गमला राख्ने स्थान नभएमा सडकबाट देखिने गरी कौसी, बरण्डा वा उपयुक्त स्थानमा सुरक्षित तरिकाले राख्न सकिने),<br>२. ध्वनि प्रदूषण हुने गरी कुनै साधन प्रयोगमा नरहेका, | | | ** |
| | **घ) भवन निर्माण संहिताको पालना** | | | |
| १. सुरक्षित भवन निर्माण | १. भवन निर्माण संहिताको पालना गरी घर बनाएको,<br>२. भुकम्प प्रतिरोधी प्रविधिको अवलम्वन  गरेको, | | | ** |

## ३.२ टोल तह

### कः आधारभूत सूचक

तालिका ४ः टोल तहका आधारभूत सूचकहरू

आफ्नो टोलका कम्तिमा नब्बे प्रतिशत घरधुरी आधारभूत रुपमा वातावरणमैत्री घोषणा भएको ।

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क) संस्थागत व्यवस्था, सरसफाई र सुन्दरता** | | | |
| १. टोल विकास संस्था/टोल सुधार समिति गठन | १. स्थानीय टोल समुदायमा त्यहाँका ८०% वा सो भन्दा बढी घर-परिवार संलग्न भएको टोल सुधार समिति/टोल विकास संस्था गठन भएको, | | | टोल संस्थाको न.पा.मा सूचीकृत भएको प्रमाणपत्र र सदस्यता देखिने दस्तावेज । |
| २. टोल सरसफाई अभियान | १. समुदायका सदस्यहरूले न्यूनतम वार्षिक २ पटक आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रूपमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको,<br>२. टोलभित्र कुकुरको खुला दिसा नरहेको,<br>३. घरवाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी र सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहर संकलन गर्न आउने सवारी साधनमा राख्ने गरेको, | | | टोल क्षेत्रमा सरसफाई (घरेलु फोहोर, झारपात, प्लाष्टिक तह लगाएको अवस्था) । |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ३. संस्थाको वातावरणीय सुशासन | १. समितिले मासिक बैठक र वार्षिक साधारण सभा गरी स्थानीय वातावरण संरक्षण सम्बन्धी छलफल गरी निर्णय गरेको,<br>२. समितिले हरेक वर्ष विश्व वातावरण दिवस (जून ५) को दिन वातावरण संरक्षण सम्बन्धी सामूहिक क्रियाकलाप सञ्चालन गर्ने गरेको, | | | निर्णय पुस्तिकाहरू अध्ययन गर्ने । |
| ४. सहरी सौन्दर्य प्रवर्द्धन | १. टोल विकास सस्था/टोल सुधार समितिको सकृयतामा टोलभरिका सबै घर-परिवारलाई मौसम अनुसार र एकै जातका फूलहरू गमलामा रोपी घरबाहिर सडकबाटै देखिने गरी राख्न लगाएको, | | | अवलोकन |
| ५. ध्वनि प्रदूषण नियन्त्रण | १. टोलभित्र ध्वनिको स्तर पीडित पक्षको माग अनुसार मापन गर्ने गरेको,<br>२. मापन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भन्दा बढी भएको पाइएमा कारवाहीको लागि सिफारिस साथ वडामा पठाउने गरेको, | | | |

## खः विकसित सूचकहरु

तालिका ५ः टोल तहका विकसित सूचकहरु

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| १. सार्वजनिक क्षेत्रको सरसफाई, | १. आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र, (जस्तै- सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन तथा चौर आदि क्षेत्र)मा प्लाष्टिक, नसड्ने खालका फोहोर तथा खुला दिसा (मान्छे तथा कुकुरको) नरहेको, | | | * |
| २. टोलमा हरियाली प्रवर्द्धन, | १. टोलका सडकहरूको फुटपाथमा नगरपालिकाले तोकिदिए बमोजिम प्रजाति र परिमाणमा रुखहरू लगाई हरियाली प्रवर्द्धन गरेको, | | | * |
| ३. ध्वनि प्रदूषण नियन्त्रण, | १. नेपाल सरकारले निर्धारण गरेको सीमाभन्दा बढी ध्वनि उत्सर्जन भए नभएको सम्बन्धमा मापन गरी अभिलेख राख्ने गरेको,<br>२. अधिकतम ध्वनि उत्सर्जनको सीमा नाघेको पाइएमा त्यस्ता व्यक्ति संघ/संस्थालाई सम्बन्धित निकायबाट कार्यवाही हुने गरेको, | | | ** |

## ३.३ वडा तह

### क: आधारभूत सूचक

तालिका ६: वडा क्षेत्रका आधारभूत सूचकहरू

वडाभित्र पर्ने सबै टोल/बस्तीहरू वातावरणमैत्री घोषणा भएको ।

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| **क) खानेपानी तथा सरसफाई** | | | | |
| १ खानेपानीका मुहान संरक्षण | १. वडामा भएका सबै खानेपानीका स्रोतहरूको लगत राखेको,<br>२. वडामा भएका सबै खानेपानीका स्रोतको गुणस्तर परीक्षण गर्ने गरिएको, | | | तराईमा इनार तथा चापाकलको लगत राख्ने । |
| २. फोहरमैला व्यवस्थापन | १. घर-परिवारबाट सङ्कलित नसड्ने फोहर तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको,<br>२. घर-परिवारबाट सङ्कलित प्लाष्टिक वडा कार्यालय आफैले किन्ने वा कुनै सङ्घ/संस्था वा व्यक्तिले किन्ने व्यवस्था मिलाएको, | | | |
| ३. पोखरी निर्माण तथा व्यवस्थापन | १. वडाभित्रका सबै पोखरीको लगत कायम गरिएको,<br>२. सबै पोखरी संरक्षणका लागि समिति गठन भै पोखरी संरक्षित भएको, | | | |
| **ख) विपद् व्यवस्थापन** | | | | |
| १. आपत्कालीन सुरक्षित क्षेत्र | १. विपद् अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित स्थल निर्धारण गरी सङ्केत प्रयोग गरिएको,<br>२. निर्धारित सुरक्षित स्थलमा सबैलाई जानकारी दिने गरी सूचनापाटी राखिएको, | | | |
| **ग) बन तथा भू संरक्षण** | | | | |
| १. एक वडा एक नर्सरी | १. वडाक्षेत्रमा कम्तीमा एउटा नर्सरी रहेको | | | |
| २. खाली पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. वडामा रुख विरुवा सहितको वन क्षेत्रको क्षेत्रफल खुलेको लगत रहेको,<br>२. खाली पर्ती जग्गाको लगत राखिएको,<br>३. सरकारी सार्वजनिक जग्गाको नक्सा र विवरण सहितको लगत राखिएको,<br>४. सरकारी सार्वजनिक जग्गामा नक्सा सहितको विवरण खुलाइएको बोर्ड राखिएको, | | | |

## ख: विकसित सूचक

तालिका ७: वडा क्षेत्रका विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सडक नाली व्यवस्थापन** | | | |
| १. सडक नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरूमा बर्षात्‌को पानी निकास हुने कुलेसो नाली भएको, | | | * |
| | **ख) कृषि** | | | |
| १. प्राङ्गारिक कृषिलाई प्रोत्साहन | १. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तिमा ५० प्रतिशत कृषकले रासायनिक कीटनाशक औषधीको नकारात्मक असर तथा जैविक, वनस्पतिजन्य बिषादी बारे तालिम प्राप्त गरेको,<br>२. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तिमा १० प्रतिशत कृषकले एकीकृत शत्रुजीव व्यवस्थापन तथा एकीकृत बाली पोषक तत्व व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरेको, | | | **<br>वडाभित्र रहेका व्यावसायिक कृषकको लगत ।<br>जम्मा कृषकमध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरूको विवरण । |
| २. प्राङ्गारिक खेती प्रणालीको अवलम्वन | १. वडाका तालिम प्राप्त व्यावसायिक कृषकहरूले जैविक, वनस्पतिजन्य बिषादीको पनि प्रयोग गरी खेतीपाती गरेको,<br>२. वडाका सबै कृषकहरूले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको,<br>३. वडामा एउटा व्यावसायिक रुपमा नमूना प्राङ्गारिक खेती सञ्चालन भएको, | | | ***<br>सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरूमा रहेका विवरण, कृषि सेवाकेन्द्र/उपकेन्द्रमा रहेको विवरण । |
| ३. मौरीपालनलाई प्रोत्साहन | १. वडाका सबै तालिम प्राप्त कृषकहरुले मौरी समेत पालेको । | | | * |
| | **ग) विपद् व्यवस्थापन** | | | |
| १. स्थानीय विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास, | १. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकाले तोके बमोजिम वडास्तरमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन भएको,<br>२. वडामा विपद् जोखिम न्यूनीकरण तथा उद्धार सम्बन्धमा युवाल्कब, आमा समूह, वन उपभोक्ता समिति, टोल विकास/ सुधार संस्थाजस्ता सामाजिक सङ्घ/संस्थाका प्रतिनिधिहरूलाई समेटी वडाका कम्तीमा १०% घर-परिवारका सदस्यहरूलाई विपद् जोखिमबारे तालिम दिइएको, | | | **<br>तालिम सम्बन्धी वडा कार्यालयमा रहेको विवरण । |
| | **घ) वन तथा भू संरक्षण** | | | |
| १. खाली तथा पर्ती जग्गामा बृक्षरोपण तथा उद्यान व्यवस्थापन, | १. वडाक्षेत्रको हालको खाली–पर्ती जग्गामा कम्तीमा १० प्रतिशतका दरले बार्षिक रुपमा रुख/डालेघाँस/ फलफूलका बिरुवा रोपी हुर्काएको,<br>२ वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको, | | | ***** |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | ३. सरकारी सार्वजनिक जग्गामा नक्सा सहितको विवरण खुलाई बोर्ड राखिएको,<br>४. वडाभित्रका खाली, पर्ती, ऐलानी र सार्वजनिक जग्गामा बाल क्रिडास्थल, खेलकूद स्थान, जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गरिएको,<br>५. आफ्नो वडाभित्र कम्तीमा पहाडमा पाँच रोपनी तथा तराईमा दश कठ्ठा क्षेत्रफलमा एउटा उद्यान, क्रिडास्थल, पार्क वा खुला क्षेत्र रहेको, | | | |
| ङ) ध्वनि प्रदुषण नियन्त्रण | | | | |
| १. ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था, | १. टोलको सिफारिसको आधारमा ध्वनि प्रदूषणको सीमा उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई कार्यवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासन समक्ष सिफारिससाथ पठाइएको, | | | * |

## ३.४ नगरपालिका तह

### क: आधारभूत सूचक

तालिका ८: नगर तहका आधारभूत सूचकहरू

सबै वडाहरूले वातावरणमैत्री आधारभूत सूचकहरू पूरा गरी वातावरणमैत्री वडाको रूपमा घोषणा भएको ।

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| क) खानेपानी तथा सरसफाई | | | | |
| १. खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | १. बढ्दो सहरी जनसङ्ख्याका लागि स्वच्छ खानेपानीको आवश्यकता पूरा गर्ने रणनीतिक योजना नगरपरिषदबाट स्वीकृत भएको, | | | स्वीकृत रणनीतिक योजना दस्तावेज । |
| २. स्यानीटरी ल्याण्डफिल साइटको सञ्चालन | १. कुहिने फोहर तथा प्लाष्टिक छुट्टाई सकेपछि बाँकी रहेको फोहरको उचित एवम् उपयुक्त व्यवस्थापन गर्न ल्याण्डफिल साइटको व्यवस्था भएको, | | | ल्याण्डफिल साइटको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकाको निर्णय । |
| ३. सार्वजनिक शौचालयको व्यवस्था | १. बसपार्क, पेट्रोलपम्प र मुख्य हाटबजार स्थलमा लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको, | | | |
| ४. प्लाष्टिक प्रयोगमा बन्देज | १. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरूप नगरपरिषद्को निर्णयबाट प्लाष्टिक प्रयोगमा बन्देज गरिएको, | | | |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | २. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको, | | | |
| | **ख) विपद् व्यवस्थापन** | | | |
| १. दमकलको व्यवस्था | १. नगरपालिकामा २४ सै घण्टा सञ्चालन हुने गरी चालु हालतको दमकल रहेको, | | | |
| २. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको,<br>२. नगरस्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको,<br>३. नगरक्षेत्रमा विपद् व्यवस्थापनका लागि तालिम दिन सक्ने कम्तीमा एकजना जनशक्ति भएको,<br>४. विपद्का क्षेत्रहरू, जोखिमको अवस्था, जोखिम न्यूनीकरणका उपायहरू समेत आवधिक योजनामा समावेश गरी नगरपरिषदबाट स्वीकृत गरिएको, | | | |
| ३. राष्ट्रिय भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता पालना गर्ने कुरा नगरपरिषदबाट निर्णय भएको,<br>२. भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने गरिएको,<br>३. भवन मापदण्ड बनाई कार्यान्वयन गरिएको,<br>४. राष्ट्रिय भवन निर्माण संहितालाई नक्सा पासको स्थानीय मापदण्डसँग आबद्ध गरिएको,<br>५. सरकारी/सार्वजनिक भवनको नक्सा पास गर्दा अपाङ्गमैत्री समेत हुनुपर्ने व्यवस्था गरिएको,<br>६. भूकम्पीय जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको, | | | |
| | **ग) वन तथा भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | |
| १. पार्कको सञ्चालन | १. नगरबासी बालबालिकाहरूलाई पायक पर्ने कम्तिमा एक स्थानमा मनोरञ्जन पार्क वा बाल उद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको,<br>२. बाल क्रिडास्थल वा खेलकूद स्थल वा जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गर्दा लैङ्गिक, समावेशी तथा अपाङ्गमैत्री बनाइएको, | | | |

## ख: विकसित सूचक

तालिका ९: नगर तहका विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क) सरसफाई** | | | |
| १. स्यानीटरी ल्याण्डफिल साइटको वैज्ञानिक व्यवस्थापन | १. फोहरमैलाको सङ्कलन, ढुवानी, तथा विसर्जनका सबै प्रकृयाहरू फोहरमैला व्यवस्थापन ऐन तथा नियमावलीको प्रावधान बमोजिम वातावरणमैत्री तरिकाले सम्पादन गर्ने गरिएको,<br>२. फोहर मैलाको वैज्ञानिक व्यवस्थापनका आयामहरू (जस्तै इन्सिनरेशन, पून प्रशोधन, वायोग्यास उत्पादन) अवलम्बन गरिएको, | | | ** |
| २. ढल प्रशोधन सम्बन्धी व्यवस्था | १. ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको,<br>*(सबै घरहरूमा सेप्टी ट्याङ्क अनिवार्य गरिएको अवस्थामा यो सूचक निष्कृय हुनेछ)*, | | | * |
| ३. होटेल, तथा रेष्टुराँहरूको अनुगमन | १. नगरपालिकामा होटल, रेष्टुराँ, बार, भोजनालय र चमेनागृह आदिबाट प्रदान गर्ने सेवाको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने संयन्त्र भएको,<br>२. कम्तीमा महिनाको एकपटक अनुगमन गर्ने गरिएको,<br>३. अनुगमन गरी प्राप्त सबै प्रतिवेदन बमोजिम कारवाही गरिएको, | | | ***<br>नगरक्षेत्रभित्रका होटल, रेष्टुराँ, बार, भोजनालय, चमेनागृह, आदिको लगत ।<br>मिसावटयुक्त, सडेगलेका र बासी खाद्यान्न तथा अस्वस्थकर खानेपानी आपूर्ति गरेका कारण कार्यवाहीमा परेका होटल आदिहरूको विवरण । |
| | **ख) कृषि** | | | |
| १. कृषि उत्पादनमा एकीकृत कीट(शत्रुजीव) व्यवस्थापन | १. नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत कीट (शत्रुजीव) व्यवस्थापन सम्बन्धी कार्य भएको,<br>२. नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत बाली पोषकतत्व र एकीकृत कीट (शत्रुजीव) व्यवस्थापन सम्बन्धी कार्य भएको,<br>३. नगरक्षेत्र कृषि उपज बजारको स्थापना र व्यवस्थापन सम्बन्धी कार्य भएको । | | | *** |
| | **ग) नवीकरणीय ऊर्जा** | | | |
| १ सडक बत्तीका लागि सौर्य ऊर्जा | १. सबै मूल सडकहरूमा सडक बत्तीका लागि सौर्य (वा अन्य नवीकरणीय) ऊर्जाको प्रयोग गरेको, | | | * |
| २. सार्वजनिक शौचालयहरूबाट बायो ग्यास उत्पादन | १. सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय र हाटबजार आदि) बाट बायोग्यास उत्पादन गर्न नगरपालिकाबाट प्राविधिक तथा आर्थिक सहयोग भए/गरिएको, | | | * |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ३. वातावरण शाखा/ इकाई स्थापना | १. वातावरण शाखा/इकाई स्थापना गरेको वा कार्यजिम्मेवारी तोकेको, | | | * |
| ४. वातावरण संरक्षण सम्बन्धी विशेष कोष स्थापना | १. वातावरण संरक्षण सम्बन्धी विशेष कोष स्थापना गरेको, | | | * |
| **घ) विपद् व्यवस्थापन** | | | | |
| १. विपद् जोखिमको नक्साङ्कन | १. विपद् जोखिमका दृष्टिले बढी खतराजन्य स्थानहरूको पहिचान गरी नक्साङ्कन गरिएको,<br>२. पहिचान गरिएका बढी जोखिमयुक्त ठाउँमा ठूला संरचना निर्माणमा रोक लगाइएको,<br>३. साठी हजार जनसङ्ख्या बराबर एक दमकल पर्ने गरी दमकल व्यवस्था गरी फरक फरक स्थानमा राखिएको,<br>४. आवधिक योजनाको आधारमा बार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको, | | | **** |
| **ङ) प्लाष्टिक व्यवस्थापन** | | | | |
| १ प्लाष्टिक संकलन तथा व्यवस्थापन | १. प्लाष्टिक सङ्कलन, पुनः प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका कम्तीमा २ जना व्यक्तिलाई तालिम दिइएको,<br>२. तालिम प्राप्त व्यक्तिलाई प्लाष्टिक सङ्कलन गर्ने कार्यमा लगाइएको,<br>३. प्लाष्टिकको पुनः प्रयोग गरी सामग्री उत्पादन गर्ने कार्यमा नगरपालिकाले सहयोग गरेको, | | | *** |
| **च) शिक्षा** | | | | |
| १ विद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको वार्षिक कार्यतालिकामा कम्तीमा महिनामा १ पटक वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने व्यवस्था भएको,<br>२. नगरपालिका आफैं वा विभिन्न सङ्घसंस्थाको माध्यमबाट वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप गर्न विद्यालयलाई सहयोग पुऱ्याइएको, | | | ** |
| **छ) वन, भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | | |
| १ हरियाली प्रवर्द्धन | १. सडक दायाँबायाँ फुटपाथमा टोल/बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा लगाएको,<br>२. सार्वजनिक सबै बाँझो जग्गा, नदीनाला, खोल्सा, किनाराहरूमध्ये कम्तीमा वार्षिक १० प्रतिशतका हिसाबले वृक्षारोपण गरी संरक्षण गरेको, | | | *********<br>सम्बन्धित कार्यका लागि बजेट एवम् कार्यक्रम स्वीकृत गरेको, वृक्षारोपण गरिएको क्षेत्रको अवलोकन । |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | ३. भू-क्षय, पहिरो तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्बन गरेको,<br>४. नगरबासी बालबालिकाहरूलाई पायक पर्ने गरी साठी हजार जनसङ्ख्या बराबर कम्तिमा एक स्थानमा मनोरञ्जन पार्क वा बालउद्यान निर्माण गरी सञ्चालनमा ल्याएको,<br>५. नगरक्षेत्रमा जैविक विविधता पार्क आदि सञ्चालनमा रहेको,<br>६. नगरक्षेत्रभित्र कम्तिमा एउटा सहरी वनको स्थापना गरी संरक्षण गरेको,<br>७. जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकूलनका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरेको,<br>८. नगरपालिकाभित्र वातावरण संरक्षण सम्बन्धी जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने गरेको,<br>९. मुख्य सडकको डिभाईडर वा किनारमा बहुबर्षीय फूलहरु रोपेको, | | | |
| | **ज) भौतिक पूर्वाधार विकास** | | | |
| १ भूउपयोग योजना | १. भू-उपयोग नीति अनुरुप नगरको भू-उपयोग क्षेत्रको पहिचान, वर्गिकरण तथा नक्सा सहितको भू.-उपयोग योजना तयार भएको,<br>२. योजना कार्यान्वयनका लागि नगर परिषद्बाट निर्णय भएको,<br>३. स्वीकृत भूउपयोग योजना बमोजिम बाहेक अन्य निर्माण कार्यमा रोक लगाइएको,<br>४. IEE/EIA गर्नुपर्ने आयोजनामा गर्ने गरेको<br>५. नगरभित्रका सबै सडकहरु पक्कि भएको, | | | ***** |
| २ पार्किङ्ग स्थल व्यवस्थापन | १. सवारी साधनहरु पार्किङ्का लागि मुख्य बजार केन्द्रहरूमा सार्वजनिक पार्किङ्गस्थल तोकेको,<br>२. खुला पार्किङस्थलमा हरियालीका लागि बहुवर्षीय रुखहरू रोपिएको, | | | ** |
| ३ पशु बधशाला व्यवस्थापन | १. नगरमा स्वस्थ र सफा मासु आपूर्तिका लागि उपयुक्त स्थानमा पशु बधशाला सञ्चालनमा रहेको,<br>२. नगरक्षेत्रमा खुला एवम् अव्यवस्थित तरिकाले पशुबध गर्न निषेध गरिएको, | | | ** |
| ४. सडक मापदण्ड निर्धारण र कार्यान्वयन | १. नगरभित्रका सबै सडकको मापदण्ड (Right of Way) निर्धारण गरिएको,<br>२. सबै बस्तीहरूमा दमकल र एम्बुलेन्स जान सक्ने भएको,<br>३. मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रूपमा जरिवानासहित भत्काउने गरिएको, | | | ***** |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | ४. नगरका मुख्य सडकहरुमा साईकल लेनको व्यवस्था भएको,<br>५. सबै सार्वजनिक सडकको लगत कट्टा भएको | | | |
| **झ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी** | | | | |
| १ औद्योगिक प्रदूषण नियमन | १. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरूको लगत तयार भएको,<br>२. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरूको प्रदूषण स्तर वर्गीकरण गरी अभिलेख तयार भएको,<br>३. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी जिल्ला विकास समितिमा जानकारी पठाउने गरेको, | | | *** |
| **ञ) ध्वनि तथा वायु प्रदूषण नियन्त्रण** | | | | |
| १. ध्वनि प्रदूषण नियन्त्रण | १. ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, ग्रामिण आवास क्षेत्र, सहरी आवास क्षेत्र, मिश्रित आवास क्षेत्र तथा शान्त क्षेत्रको रूपमा विभाजन गरिएको,<br>२. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनिको स्तर भए नभएको सम्बन्धमा बार्षिक रुपमा मापन गर्ने गरिएको,<br>३. निर्धारित मापदण्डभन्दा बढी ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको,<br>४. विवाह ब्रतबन्ध जस्ता सामाजिक संस्कार तथा धार्मिक एवं सार्वजनिक स्थलहरुमा विभिन्न उत्सव आदिमा मापदण्डभन्दा बढी ध्वनी निस्कने भएमा स्थानिय निकायको पूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिएको, | | | **** |
| २. वायु प्रदूषण न्यूनीकरण | १. नगरक्षेत्रमा वायु प्रदुषण न्यूनीकरणका लागि कुनै उपाय अवलम्बन गरिएको, | | | * |
| **ट) सेवा केन्द्रको व्यवस्था** | | | | |
| १. सेवा केन्द्र सम्बन्धि व्यवस्था | १. नगरपालिका क्षेत्रभित्र न.पा.को पहल र समन्वयमा निजी क्षेत्र र गैससलाई परिचालन गरी भुकम्प प्रतिरोधी प्रविधि, विपद् व्यवस्थापन, नविकरणीय ऊर्जाका क्षेत्रमा सेवा दिन सेवा केन्द्रको स्थापना र संचालन भएको, | | | * |

४ अध्याय

# गाउँ विकास क्षेत्रका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

## ४.१ घर–परिवार तह

### क: आधारभूत सूचक

तालिका १०: घर-परिवार तहका आधारभूत सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| क) सरसफाई र स्वास्थ्य | | | | |
| १. प्यान (Water Seal) सहितको चर्पी | १. घर कम्पाउण्डभित्र प्यान सहितको चर्पी प्रयोगमा आएको, | | | |
| २. आवास क्षेत्रभित्र फोहरको उचित व्यवस्थापन | १. आफ्नो घर भान्साको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गारिक) गरी विभाजन गरिएको,<br>२. छानेर सड्नेलाई आफै वा समूह बनाई मल बनाउने गरिएको,<br>३. नसड्ने फोहरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको,<br>४. अन्य फोहरमध्ये हानिकारक फोहर (जस्तो ब्याट्री, सि.एफ्.एल्. चिम, फुटेका सिसा/बोतल, ट्युबलाइट आदि) र अन्य फोहर छुट्याई अलग अलग जम्मा गरी निर्धारित स्थलमा जम्मा गर्ने गरिएको, | | | |
| ३. व्यक्तिगत सरसफाई | १. घर-परिवारका सबै सदस्यले खाना खानुअघि हात धुने गरेको,<br>२. दिसा गरेपछि साबुन-पानीले हात धुने गरेको,<br>३. शौचालय नजिक साबुन-पानीको व्यवस्था गरेको, | | | |
| ४. भाँडा धुने र सुकाउने ठाउँको प्रबन्ध | १. भाँडा धुने र धोएको भाँडाको पानी तर्काउन तथा सुकाउन मिल्ने भाँडा माझ्ने ठाउँको व्यवस्था/प्रबन्ध गरेको,<br>२. भाँडा धोएको पानीको उचित व्यवस्थापन गरेको, | | | |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| **ख) स्वच्छ ऊर्जा तथा गोबरको उपयोग** | | | | |
| १. धुवाँरहित चुल्होको प्रयोग | १. खाना पकाउन घरभित्रको धुवाँरहित चुल्होको प्रयोग गरेको, | | | |
| २. गोबरको उचित उपयोग | १. खाना पकाउनको निम्ति गोबरबाट गुइँठा नबनाई गोबरलाई मलको रूपमा नै प्रयोग गर्ने गरेको,<br>२. भकारो सुधार गरी पशुको मलमूत्रको उचित व्यवस्थापन गरेको, | | | |
| **ग) हरियाली प्रवर्द्धन तथा करेसाबारी व्यवस्थापन** | | | | |
| १. हरियाली तथा सौन्दर्य प्रवर्द्धन | १. घर आसपास ठाउँ सुहाउँदो फलफूलको कम्तिमा दुईवटा बोटबिरुवा लगाएको,<br>२. घरनजिक तुलसी, पारिजात वा कुनै पनि औषधीजन्य वा सौन्दर्य बढाउने खालका बिरुवा लगाएको,<br>३. करेसाबारीमा नियमित रूपमा तरकारी खेती लगाई हरियो सागपात तथा तरकारी उत्पादन गर्ने गरेको, | | | |

## ख: विकसित सूचकहरु

तालिका ११: घर-परिवार तहका विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| **क) सरसफाई र स्वास्थ्य** | | | | |
| १ घर-आँगनको सरसफाई स्थिति | १. आफ्नो घर-आँगन तथा बाहिरको बाटो नियमित रूपमा सफा गर्ने गरेको, | | | * |
| २ प्लाष्टिकका झोला नियमन | १. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको, | | | * |
| **ख) ऊर्जाको प्रयोग** | | | | |
| १. वैकल्पिक ऊर्जाको प्रयोग | १. तराई तथा मध्य पहाडमा खाना पकाउन गोबरग्यास वा बायोब्रिकेट वा नवीकरणीय ऊर्जाको प्रयोग गरेको,<br>२. बिजुली नपुगेका घरमा बत्ती बाल्न सौर्य ऊर्जाको प्रयोग गरेको, | | | ** |
| **ग) दीगो कृषि प्रणाली** | | | | |
| १ प्राङ्गारिक खेतीतर्फ उन्मुख | १. खेतबारीमा रासायनिक मलमात्र प्रयोग नगरी गोबरमल पनि साथसाथै प्रयोग गर्ने गरेको,<br>२. गोबरबाट गुइँठा बनाउने काम पूर्णतः बन्द गरेको,<br>३. रासायनिक विषादीको सट्टा जैविक तथा वानस्पतिक विषादीको प्रयोग गर्न थालिएको, | | | *** |
| **घ) प्लाष्टिकको प्रयोगलाई निरुत्साहित** | | | | |
| १ प्लाष्टिकका झोला नियमन | १. सबै प्रकारका प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको र यस सम्वन्धमा टोल विकास संस्था समक्ष लिखित प्रतिबद्धता गरेको, | | | * |

## ४.२ वडा तह

### क: आधारभूत सूचक

तालिका १२: वडा तहका आधारभूत सूचकहरू

वडाभित्र पर्ने सबै घर-परिवारहरूमध्ये कम्तिमा ९० प्रतिशत घर-परिवार वातावरणमैत्री घोषणा भएको ।

| सूचकहरू | | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|---|
| | | **क) खानेपानी तथा सरसफाई** | | | |
| १ | खानेपानीका मुहान संरक्षण | १. वडामा भएका सबै खानेपानीका स्रोतहरुको लगत राखेको,<br>२. वडामा भएका सबै खानेपानीका स्रोतको गुणस्तर परीक्षण गर्ने गरिएको, | | | तराईमा इनार तथा चापाकलको लगत राख्ने । |
| २. | फोहरमैला व्यवस्थापन | १. घर-परिवारबाट सङ्कलित नसड्ने फोहर (प्लाष्टिक बाहेक) को व्यवस्थापन गर्न उपयुक्त स्थल तोकिएको,<br>२. घर-परिवारबाट सङ्कलित प्लाष्टिक कुनै सङ्घसंस्था वा व्यक्तिले किन्ने वा वडामा सङ्कलन गरी गा.वि.स.मा पठाउने व्यवस्था मिलाइएको, | | | |
| ३ | पोखरी संरक्षण | १. वडाभित्र रहेका सबै पोखरीहरूको संरक्षण गरिएको, | | | |
| ४. | खुला दिसामुक्त | १. आफ्नो वडाभरिमा खुला दिसा गर्ने प्रथा हटेको, | | | |
| | | **ख) विपद् व्यवस्थापन** | | | |
| १. | आपत्कालीन सुरक्षित क्षेत्र निर्धारण | १. विपद् अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित-स्थल निर्धारण गरेको,<br>२. विपद् व्यवस्थापनका लागि वडास्तरमा कम्तिमा २ जना तालिम प्राप्त स्वयंसेवकहरु भएको, | | | |
| | | **ग) स्थानीय सडक व्यवस्थापन** | | | |
| १. | हरियाली प्रवर्द्धन | १. कुन सडकको कुन ठाउँ/खण्डमा के कस्तो घाँस वा रुखबिरुवा लगाउने भनी वडाबासीले निर्णय गरेको,<br>२. वडाबासीको निर्णय बमोजिम सडक दायाँबायाँ अम्लिसो, निगालो वा उपयुक्त जातका अन्य घाँस, डालेघाँस वा रुख रोपी हरियाली कायम गरेको, | | | |
| २. | सडक मापदण्ड | १. वडा क्षेत्रमा भएका सबै स्थानीय सडकको मापदण्ड (Right of way) सहितको लगत वडामा पनि भएको, | | | |

## ख: विकसित सूचक

तालिका १३: वडा तहका विकसित सूचकहरू

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | स्तरीकरण र व्याख्या |
|---|---|---|---|---|
| | **क) सडक संरक्षण, खानेपानी तथा सरसफाई** | | | |
| १. सडक तथा नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरूमा बर्षात्को पानी निकास हुने कुलेसो/ नाली भएको,<br>२. सार्वजनिक पैदल बाटोको कम्तिमा वर्षको तीनपटक सरसफाई गर्ने गरिएको,<br>३. सडक मापदण्ड मिचेर कुनै पनि व्यक्तिगत तथा सार्वजनिक संरचना निर्माण नभएको,<br>४. वडाभित्र साविकमा पोखरी नभएको भए एउटा पोखरी निर्माण गरी व्यवस्थापन गरिएको, | | | **** |
| | **ख) कृषि** | | | |
| १. प्राङ्गारिक कृषिलाई प्रोत्साहन | १. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तिमा ५० प्रतिशत कृषकले रासायनिक मल तथा कीटनाशक बिषादीको नकारात्मक असरबारे तालिम प्राप्त गरेको,<br>२. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तिमा १० प्रतिशत कृषकले एकीकृत शत्रुजीव व्यवस्थापन(आईपीएम) र एकिकृत बाली पोषकतत्व व्यवस्थापन (आईपीएन्एस्) सम्बन्धी तालिम प्राप्त गरेको, | | | **<br>वडाभित्र रहेका व्यावसायिक कृषकको लगत ।<br>जम्मा व्यावसायिक कृषक मध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरूको विवरण । |
| १. प्राङ्गारिक खेती प्रणालीको अवलम्वन | १ वडाका तालिम प्राप्त सबै व्यावसायिक कृषकहरूले जैविक, वनस्पतिजन्य बिषादीको पनि प्रयोग गरी खेतीपाती गरेको,<br>२ वडाका सबै कृषकहरूले प्राङ्गारिक मलको प्रयोग गरेको,<br>३. वडामा एउटा व्यावसायिक रुपमा नमूना प्राङ्गारिक खेती सञ्चालन गरिएको, | | | ***<br>सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरूमा रहेका विवरण, कृषि सेवाकेन्द्र/ उपकेन्द्रमा रहेको विवरण । |
| | **ग) विपद् व्यवस्थापन** | | | |
| १. उच्च जोखिम-स्थलहरूको पहिचान | १. वडाभित्र विपद्को उच्च जोखिम भएका स्थानहरू पहिचान गरी लगत राखिएको, | | | * |
| | **घ) वन तथा भूसंरक्षण** | | | |
| १. खाली-पर्ती जग्गाको व्यवस्थापन | १. वडाक्षेत्रको खाली-पर्ती जग्गाको कम्तिमा १० प्रतिशत जग्गामा वार्षिक रूपमा रुख/डालेघाँस/फलफूलका बिरुवा रोपी हुर्काइएको,<br>२. वडाभित्रको सबै खाली पर्ती जग्गाको नक्सा सहित विवरण खोली लगत राखिएको,<br>३. वार्षिक रूपमा वृक्षारोपण गरिएको र बिरुवा हुर्काइएको क्षेत्रफल सहितको लगत राखिएको, | | | *** |

## ४.३ गाउँ विकास समिति तह

### क: आधारभूत सूचक

तालिका १४: गाउँ विकास समिति तहका आधारभूत सूचकहरू

सबै वडाहरू वातावरणमैत्री वडाको रूपमा घोषणा भएको ।

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क) खानेपानी तथा सरसफाई** | | | |
| १. खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | १. गाउँ विकास समितिको क्षेत्रभित्र बसोबास गर्ने जनसङ्ख्याका लागि खानेपानी आवश्यकता पूरा गर्ने रणनीतिक योजना गाउँ परिषदबाट स्वीकृत गरिएको, | | | स्वीकृत रणनीतिक योजना दस्तावेज । |
| २. चिस्यान (Water Recharge) व्यवस्थापन | १. गा.वि.स. क्षेत्रमा कम्तीमा एउटा बहुउपयोगी पोखरी भएको,<br>२. सिमसार क्षेत्र भएको भए सबै सिमसार क्षेत्रको संरक्षण गरेको, | | | |
| ३. प्लाष्टिक प्रयोग निरुत्साहित | १. नेपाल सरकारको मापदण्ड अनुरुप प्लाष्टिकको झोलाको प्रयोगमा रोक लगाइएको,<br>२. प्रयोग भएका प्लाष्टिकको सङ्कलन गरी गा.वि.स.को समन्वयमा बिक्री गर्ने व्यवस्था मिलाइएको, | | | |
| | **ख) विपद् व्यवस्थापन** | | | |
| १. विपद् व्यवस्थापन समिति गठन र सक्रियता | १. गा.वि.स.स्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको,<br>२. विपद् व्यवस्थापनका लागि तालिम दिनसक्ने कम्तीमा एक जना जनशक्ति भएको,<br>३. विपद् जोखिमका दृष्टिले बढी खतराजन्य स्थानहरूको पहिचान गरी त्यस्तो ठाउँमा नयाँ संरचना बनाउन निषेध गरेको, | | | |
| २. भवन निर्माण संहिता कार्यान्वयन | १. गा.वि.स. को लगानीमा बन्ने सबै भवनहरू निर्माण गर्दा भवन निर्माण संहिता पालना भएको,<br>२. गा.वि.स. क्षेत्रमा बन्ने सबै सार्वजनिक भवनहरू निर्माण गर्दा भवन निर्माण संहिता पालना गरेको, | | | |
| | **ग) वन भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | |
| १. खाली पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. गाविसमा रुख बिरुवासहितको वन क्षेत्रको क्षेत्रफल खुलेको लगत राखेको,<br>२. खाली पर्ती जग्गाको लगत राखेको,<br>३. सरकारी सार्वजनिक जग्गाको नक्सा र विवरण सहितको लगत राखेको,<br>४. सरकारी सार्वजनिक जग्गामा नक्सा सहितको विवरण खुलाइएको बोर्ड राखेको,<br>५. आफ्नो गा.वि.स.मा कम्तिमा पनि तराईमा १० बिघा र पहाडमा १५० रोपनी क्षेत्रफल वनको रूपमा तयार गरेको, | | | |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **घ) कृषि** | | | |
| १. व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन | १. गाँउमा उत्पादन भई बढी भएका कृषि उपज बजारमा पु-याउन गा.वि.स. मा कम्तिमा एउटा सङ्कलन केन्द्रको स्थापना गरिएको,<br>२. व्यावसायिक कृषि खेतीमा लाग्न चाहने कम्तीमा एकजना कृषकलाई गाविसको सहयोग र कृषि विकास कार्यालयको समन्वयमा कमसेकम ४५ दिनको ग्रामीण कृषि कार्यकर्ता तालिम दिइएको,<br>३. व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्न गा.वि.स.को आर्थिक र जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोगमा १ जना ग्रामीण कृषि कार्यकर्ता परिचालन भएको, | | | |
| | **ङ) स्वच्छ ऊर्जाको प्रयोग** | | | |
| १. सुधारिएको चुलोको निरन्तर र व्यवस्थित प्रयोग | १. कम्तिमा प्रति वडा २ जनालाई सुधारिएको चुल्हो बनाउने तथा मर्मत-सम्भार गर्ने तालिम दिएको,<br>२. चुल्हो बनाउन तथा मर्मत गर्न तालिम प्राप्त जनशक्तिको लगत गा.वि.स.मा रहेको, | | | |
| २. विद्युतको व्यवस्थित र मितव्ययी उपयोग | १. विद्युत नपुगेका र छरिएर रहेका घर/बस्तीहरूमा विजुलीको सट्टा सौर्य वा अन्य नविकरणीय ऊर्जा उपयोगलाई प्रोत्साहित गरेको,<br>२. विद्युत पुगेका घरमा कम ऊर्जा खपत गर्ने चीम प्रयोग गर्नेलाई सहुलियत दिएको,<br>३. सौर्य वा अन्य नविकरणीय ऊर्जा राख्न थप अनुदान वा अन्य प्रोत्साहन गरेको, | | | |
| | **च) वातावरणीय शिक्षा तथा ध्वनि प्रदूषण नियन्त्रण** | | | |
| १. विद्यालय मार्फत वातावरणीय सचेतना | १. गा.वि.स. क्षेत्रका सामुदायिक विद्यालयहरूमा वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सहयोग गरे गराएको,<br>२. वर्षमा कम्तिमा ६ पटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने प्रावधान विद्यालयको वार्षिक कार्यतालिकामा भएको, | | | |
| २. ध्वनि प्रदूषण नियन्त्रण | १. निर्धारित मापदण्डभन्दा बढी ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको,<br>२. विवाह ब्रतबन्ध जस्ता सामाजिक सस्कार, विभिन्न उत्सव तथा धार्मिक एवं सार्वजनिक स्थल आदिमा मापदण्ड भन्दा बढी ध्वनी निस्कने भएमा स्थानिय निकायको पूर्व अनुमति लिनुपर्ने व्यवस्था भएको, | | | |
| | **छ) ग्रामीण सडक व्यवस्थापन** | | | |
| १ भारी उपकरणको प्रयोग | १ सडक निर्माणका लागि डोजर,स्काभेटर जस्ता भारी उपकरण प्रयोग गर्दा स्लोप स्टेब्लाईजेशन गर्ने गरेको<br>२ सर्वे, डिजाईन भै सम्बन्धित निकायको अनुमती लिएर मात्र डोजर/ स्काभेटर जस्ता भारी उपकरण प्रयोग गर्ने गरिएको, | | | |
| १ सडक सीमा निर्धारण | १ गाविस क्षेत्रभित्रका सबै स्थानीय सडकको सडक सीमा (Right of way) निर्धारण गरेको, | | | |

## ख: विकसित सूचक

तालिका १५: गाउँ विकास समिति तहका विकसित सूचकहरू

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | क) खानेपानी तथा सरसफाई | | | |
| १. खानेपानीको दिगो व्यवस्थापन | १. वर्तमान जनसङ्ख्या, सडक सन्जाल, बस्ती विकासको प्रवृत्ति, विचार गरी गा.वि.स.ले खानेपानी आपूर्ति सम्बन्धी नीति बनाएको,<br>२. सम्भाव्य खानेपानीको स्रोतहरू पहिचान भएको,<br>३. पहिचान भएका स्रोतहरुको संरक्षण एवम् व्यवस्थापनका लागि सम्भाव्य (पहाडी क्षेत्रमा) क्षेत्रमा पानीको स्रोतभन्दा उच्च भागमा पोखरीहरू बनाएको,<br>४. वृक्षारोपण तथा तारबारले घेरी संरक्षण गरेको,<br>५. बर्षात्को भेल मुहानमा नपस्ने गरी Trenching गरेको, | | | ***** |
| २. स्यानीटरी ल्याण्डफिल साइटको व्यवस्थापन | १. छुट्टै वा अन्य गा.वि.स वा नगरपालिकासँग मिली ल्याण्डफिल साइट बनाएको,<br>२. निर्धारित ल्याण्डफिल साइटमा कुहिने र पुनः प्रयोग (Recycle and Reuse) हुने बाहेकका फोहरको उचित किसिमले व्यवस्थापन गर्ने गरिएको,<br>३. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको, | | | *** |
| ३. सार्वजनिक शौचालय | १. गा.वि.स.को मुख्य हाटबजार तथा बसपार्क जस्ता सार्वजनिक स्थलमा लैङ्गिक, अपाङ्ग तथा बालमैत्री शौचालय सञ्चालन भएको, | | | * |
| | ख) कृषि | | | |
| १. व्यावसायिक खेतीलाई प्रोत्साहन | १. 'एक गाउँ एक उत्पादन' अन्तर्गत आफ्नो गाउँमा सम्भाव्य देखिएको (तरकारी, फलफूल पुष्प, नगदेबाली, मत्स्यपालन तथा पशुपालन) कुनै एक उत्पादनलाई व्यावसायिक रूपमा अघि बढाएको, | | | *<br>एक गाउँ एक उत्पादन अन्तर्गत गा.वि.स.को लागि तोकिएको मुख्य बाली, त्यस्तो बालीलाई व्यावसायिक रूपमा विकास गर्न गरिएको निर्णय तथा लगानीको विश्लेषण गर्ने । |

| सूचकहरू | | विस्तारित सूचकहरू | | छ | छैन | व्याख्या |
|---|---|---|---|---|---|---|
| १. | कृषि उत्पादनमा एकीकृत कीट(शत्रुजीव) व्यवस्थापन | १. | गा.वि.स. क्षेत्रमा गा.वि.स.को समेत साझेदारीमा एकीकृत शत्रुजीव व्यवस्थापन तथा एकिकृत बाली पोषकतत्व व्यवस्थापन सम्बन्धी तालिम दिने जनशक्ति तयार भएको, | | | * |
| **ग) स्वच्छ ऊर्जाको प्रयोग** | | | | | | |
| १ | बायोब्रिकेट उत्पादन र उपयोग गर्न प्रोत्साहन | १. | गा.वि.स. क्षेत्रमा एउटा बायोब्रिकेट बनाउने व्यवसाय चलेको अवस्था रहेको, | | | *** |
| | | २. | बायोब्रिकेट उत्पादन गर्न गा.वि.स.ले वा अन्य सङ्घसंस्था मार्फत् सहयोग उपलब्ध गराइएको, | | | |
| | | ३. | खाना बनाउन अधिकांश घर-परिवारले दाउरा तथा गुइँठाको सट्टा बायोब्रिकेट प्रयोग गरेको, | | | |
| २. | बायोग्यास उत्पादन | १. | सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय, हाटबजार) बाट बायोग्यास उत्पादन गर्ने गरिएको, | | | * |
| **घ) प्लाष्टिकको उचित व्यवस्थापन** | | | | | | |
| १. | प्लाष्टिक व्यवस्थापन | १. | हरेक वडामा कम्तिमा दुई जनालाई प्लाष्टिकको सङ्कलन तथा पुनः प्रयोगसम्बन्धी तालिम दिइएको, | | | ** |
| | | २. | तालिम प्राप्त व्यक्तिलाई यस सम्बन्धी काममा लगाइएको, | | | |
| **ङ) विपद् व्यवस्थापन** | | | | | | |
| १ | स्थानीय विपद् व्यवस्थापन समितिको क्रियाशीलता | १. | गाउँ विकास समितिमा विपद् व्यवस्थापन कोष स्थापना गरिएको, | | | ** |
| | | २. | गाउँ विकास क्षेत्रमा पोखरीहरू निर्माण गरिएको, | | | |
| २. | भू.- उपयोग योजना कार्यान्वयन | १. | भू-उपयोग क्षेत्र वर्गिकरण गरिएको नक्सा सहित भू-उपयोग योजना तयार भएको, | | | ** |
| | | २. | योजना कार्यान्वयन गर्न गाउँपरिषदबाट निर्णय भएको, | | | |
| **च) शिक्षा** | | | | | | |
| १. | वातावरणीय शिक्षा | १. | गा.वि.स. क्षेत्रभित्र सञ्चालित सबै तहका विद्यालयहरूले कम्तिमा महिनामा एक पटक वातावरण संरक्षणसँग सम्बन्धित विषयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरी वार्षिक क्यालेण्डरमै उल्लेख गरेको, | | | * |
| **छ) वन, भू-संरक्षण तथा हरियाली प्रबर्द्धन** | | | | | | |
| १. | एक गाउँ एक नर्सरी | १. | गा.वि.स. क्षेत्रमा कम्तिमा एउटा वन वा डालेघाँस वा आवश्यकता अनुसारको नर्सरी स्थापना भएको, | | | * |
| २. | एक गाउँ एक पार्क | १. | गा.वि.स क्षेत्रभित्र मनोरञ्जन पार्क वा बालबालिका पार्क निर्माण गरी सञ्चालनमा आएको, | | | * |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ३. हरियाली प्रवर्द्धन | १. सार्वजनिक सबै बाँझो जग्गा, नदीनाला, खोल्सा, किनाराहरूमध्ये कम्तीमा वार्षिक १० प्रतिशतका हिसाबले वृक्षारोपण गरी संरक्षण गरेको,<br>२. भू-क्षय, पहिरो तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्बन गरेको, | | | ** |
| | ज) ग्रामीण सडक व्यवस्थापन | | | |
| १. ग्रामीण सडक संरक्षण तथा ब्यवस्थापन | १. निर्माण भएका सबै सडकको दायाँबायाँ सडक सीमा निर्धारण गरी सङ्केत राखिएको,<br>२. सडक सीमाभित्रको खाली भागमा अम्लिसो, घाँस, वा डालेघाँस वा ठाउँअनुसार उपयुक्त जातका रुखबिरुवा रोप्न वडाबासीलाई परिचालन गरेको,<br>३. सडक किनारा संरक्षण तथा हरियाली प्रवर्द्धन गर्न गा.वि.स.ले हरेक वर्ष रकम लगानी गर्ने गरेको,<br>४. गा.वि.स. भित्र पर्ने सबै स्थानीय सडकको नियमित मर्मत सम्भार भएको,<br>५. सार्वजनिक सडकले चर्चेका जग्गाको लगत कट्टा गरेको, | | | ***** |

माथि उल्लेखित नगर तथा गाउँ क्षेत्रका सूचकहरू मध्ये केही सूचकहरू भौगोलिक अवस्थिति अनुसार फरक पर्ने अवस्थामा नगर/गाउँ समन्वय समितिले निर्णय गरी जिल्ला समन्वय समितिमा स्पष्ट कारण र पुष्ट्याँई सहित अनुरोध गरेमा जिल्ला समन्वय समितिले भौगोलिक अवस्थिति अनुसार परिमार्जित सूचक कार्यान्वयन गर्न सहमती दिन सक्नेछ ।

एउटै नगर/गाउँ विकास क्षेत्रभित्र पनि सहरी परिवेश र ग्रामीण परिवेश भएको अवस्थामा सम्बन्धित नगर/गाउँ समन्वय समितिले निर्णय गरी जिल्ला समन्वय समितिमा स्पष्ट कारण र पुष्ट्याँई सहित अनुरोध गरेमा सम्बन्धित जिल्ला समन्वय समितिले नगर क्षेत्रका ग्रामीण परिवेश भएका बस्तीहरूमा गाविसका लागि प्रस्तावित सूचकहरू लागु गर्ने तथा गाविसको सहरी परिवेश भएका वस्तीहरूमा नगरक्षेत्रका लागि प्रस्तावित सूचकहरू लागु गर्ने गरी निर्णय गर्न सक्नेछ । यस्तो निर्णय भएको अवस्थामा तत् तत् स्थानको लागि जिल्ला समन्वय समितिवाट भएको निर्णयको आधारमा मापन गरिनेछ ।

५
अध्याय

# जिल्लाका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

## क: आधारभूत सूचकहरू

तालिका १६: जिल्लाका आधारभूत सूचकहरू

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क. प्लाष्टिक प्रयोग नियन्त्रण** | | | |
| १. प्लाष्टिक झोलामुक्त जिल्ला घोषणा | १. जिल्लामा नेपाल सरकारले निर्धारण गरे बमोजिम प्लाष्टिकको झोला निषेध गर्न परिषद्ले निर्णय गरेको,<br>२. निषेधित प्लाष्टिकका झोला प्रवेशमा नियन्त्रण गर्न जिल्लास्तरमा संयन्त्र निर्माण भएको,<br>३. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको, | | | |
| | **ख) शौचालय** तथा **सरसफाई** | | | |
| १. शौचालय व्यवस्थापन | १ धेरै मानिसहरू जम्मा हुने बसपार्क, हाट-बजार आदिजस्ता सार्वजनिक स्थानमा लैङ्गिक, अपाङ्ग तथा बालमैत्री सार्वजनिक शौचालय ५ वर्षभित्र निर्माण गर्ने गराउने योजना भएको, | | | |
| २. संयुक्त स्यानीटरी ल्याण्डफिल साइटको प्रवर्द्धन | १. स्थानीय निकायहरूले संयुक्त समिति गठन गरी संयुक्त रूपमा फोहर व्यवस्थापन गरेमा जि.वि.स.ले थप सहयोग गर्ने व्यवस्था गरेको, | | | |
| ३. खुला दिसामुक्त अभियान | १. खुला दिसामुक्त अभियान अन्तर्गत हरेक वर्ष कम्तीमा १० प्रतिशत गा.वि.स. लाई ODF घोषणा गरी जिल्लालाई नै ODF घोषणाको लागि कार्ययोजना बनाएको,<br>२. ODF घोषणा भएका गा.वि.स. र न.पा. हरुमा कार्यक्रमको दीगोपना र निरन्तरताको लागि कार्यक्रम सञ्चालन गरेको, | | | |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **ग) खानेपानी** | | | |
| १ खानेपानी व्यवस्थापन | १. जिल्लाभरका खानेपानीका स्रोत र वितरण सम्बन्धी व्यवस्थित अभिलेख जि.वि.स.मा रहेको,<br>२. खानेपानीको मुहानको संरक्षण गरे गराएको र लगत अद्यावधिक गर्ने गरेको,<br>३. खानेपानी तथा सरसफाई स्वास्थ्य योजना (WASH Plan) तयार गरेको,<br>४. खानेपानीमा तोकिएको न्यूनतम बजेट विनियोजन गरी खर्च गरेको, | | | |
| | **घ) सडक** | | | |
| १. सडक व्यवस्थापन | १. जिल्लामा जिल्ला सडक यातायात गुरुयोजना (DTMP) मा परेका सडकका लागि मात्र रकम विनियोजन गर्ने गरेको,<br>२. जिल्लामा बनिसकेका सडकको दायाँ-बायाँ अम्लिसो जस्ता माटो संरक्षण गर्ने घाँस वा उपयुक्त प्रजातिको रुख लगाउन नियमित रकम विनियोजन गर्ने गरेको/गराएको,<br>३. सतहको पानीले सडक नबिगार्ने गरी नाली बनाएको वा पानी जम्मा हुन नपाउने गरी पानीढलो (Slope) बनाएको,<br>४.. नयाँ बन्ने सडकमा उपयुक्त प्रावधानहरू डिजाइनमा राख्ने गरी स्पष्ट नीतिगत निर्णय गरेको,<br>५ सडकको नियमित मर्मत-सम्भारका लागि सडक सम्बन्धी शीर्षकमा विनियोजित रकमको न्यूनतम ५% मर्मत-सम्भार कोषमा राखेको,<br>६. DRCN मा परेका सडकको नियमित संरक्षणको लागि Lenth worker को व्यवस्था गरेको,<br>७. पूर्वाधारका योजनाहरूमा वातावरणीय व्यवस्थापन योजना (EMP) तयार गरी कार्यान्वयनमा ल्याएको,<br>८. जिल्लामा डोजर,स्काभेटर जस्ता भारी उपकरण प्रयोगको लागि आचारसंहिता बनाई लागु गरेको,<br>९. सडक निर्माणका लागि डोजर,स्काभेटर जस्ता भारी उपकरण प्रयोग गर्दा स्लोप स्टेब्लाईजेशन गर्ने गरेको, | | | |
| | **ङ) ग्रामीण ऊर्जा** | | | |
| १ ऊर्जा गुरुयोजना | १. जिल्लाले ग्रामीण ऊर्जाको गुरु योजना बनाएको, | | | |
| | **च) वातावरण संरक्षण सम्बन्धी स्थानीय संरचना** | | | |
| १ वातावरण शाखाको स्थापना र सञ्चालन | १. जिल्लामा वातावरण ऊर्जा तथा जलवायु परिवर्तन सम्बन्धी कार्य गर्ने छुट्टै शाखा सञ्चालन भएको, | | | |
| | **छ) वन तथा भू-उपयोग** | | | |
| १ वन तथा भूउपयोग नक्सा | १. वन क्षेत्रको स्पष्ट सीमाङ्कन सहितको नक्सा कम्तीमा जिल्ला वन, भू-संरक्षण, जि.वि.स., जिल्ला प्रशासन कृषि विकास एवम् मालपोत कार्यालयमा राखिएको, | | | |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **ज) विपद् व्यवस्थापन** | | | |
| १ विपद् व्यवस्थापन योजना | १. जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका बमोजिम जिल्ला विपद् व्यवस्थापन योजना बनाई जिल्ला विकास योजनामा समावेश गरेको,<br>२. जिल्लामा विपद् व्यवस्थापन कोष स्थापना भएको, | | | |
| | **झ) औद्योगिक प्रदूषण नियमन** | | | |
| १. औद्योगिक क्षेत्रमा स्वच्छ वातावरणको प्रवर्द्धन | १. सरकारले निर्धारण गरेको मापदण्ड अनुसार जिल्लाको लागि औद्योगिक प्रदूषणको मापदण्ड निर्धारण गरेको,<br>२. गाउँ विकास समिति/ नगरपालिकावाट प्राप्त गुनासोको आधारमा कार्यवाही गर्ने गरेको, | | | |

## ख: विकसित सूचक

तालिका १७: जिल्लाका विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क) सरसफाई** | | | |
| १ सरसफाई र प्लाष्टिक व्यवस्थापन | १. शौचालयको प्रयोग तथा व्यक्तिगत सरसफाई सम्बन्धी क्रियाकलापलाई प्रोत्साहन गर्न चौमासिक रुपमा अनुगमन गर्ने गरी सम्बन्धित सामाजिक परिचालकलाई स्पष्ट निर्देशन दिएको,<br>२. स्थानीय निकाय संयुक्त समिति गठन गरी एकभन्दा बढी स्थानीय निकायको संयुक्तरूपमा फोहर व्यवस्थापन गर्न जि.वि.स.ले सहजीकरण तथा सहयोग गरेको,<br>३. प्लाष्टिक सङ्कलन गरी जिल्ला बाहिर निकासी गर्ने गरेको वा उपयोग गरी सरकारले तोकेको मापदण्डभित्र पर्ने गरी पुनः उत्पादन गर्ने उद्योग स्थापना भएको, | | | *** |
| | **ख) खानेपानी** | | | |
| १ खानेपानी व्यवस्थापन | १. खानेपानी व्यवस्थापन सम्बन्धी जिल्लास्तरीय रणनीति भएको,<br>२. खानेपानी आपूर्ति तथा बस्ती विकासबीच उचित तालमेल मिलाएको,<br>३. National Drinking Water Quality Standard (NDWQS) अबलम्बन गरेको, | | | *** |
| | **ग) ग्रामीण ऊर्जा** | | | |
| १ ग्रामीण ऊर्जा व्यवस्थापन | १. तराईका जिल्लामा गोबरग्यास र दुर्गम पहाडी जिल्लाका विद्युत नपुगेको गाउँमा सौर्य ऊर्जाको मर्मतसम्भार गर्न सक्ने गरी त्यस्ता गा.वि.स.मा कम्तीमा एउटा गा.वि.स.को दुई जनालाई तालिम दिइएको,<br>२. नवीकरणीय ऊर्जा विकासका क्षेत्रमा कम्तिमा एउटा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको, | | | ** |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **घ) जलवायु परिवर्तन** | | | |
| १. राष्ट्रिय अनुकूलन कार्यक्रमको स्थानीयकरण | १. स्थानीयस्तरमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिएको,<br>२. स्वीकृत IEE/EIA प्रतिवेदन बमोजिम कार्य भए नभएको सन्दर्भमा नियमित रूपमा अनुगमन गर्ने गरिएको,<br>३. ठूला मेशिनरी तथा उपकरण सञ्चालन सम्बन्धी जिल्लास्तरीय नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको, | | | *** |
| | **ङ) कृषि तथा खाद्य सुरक्षा** | | | |
| १ कृषि विकास तथा बजार व्यवस्था र खाद्य सुरक्षा | १. जिल्लाभित्र कम्तिमा दुईवटा प्राङ्गारिक तरकारी उत्पादन फार्म सञ्चालन भएको,<br>२. जिल्लाभित्र सहकारी संस्थामार्फत कमसेकम एउटा प्राङ्गारिक तरकारी उत्पादन बिक्री स्थल सञ्चालन भएको,<br>३. जिल्लामा कम्तिमा एउटा व्यावसायिक कृषि, मत्स्य वा पशु फार्म स्थापना भएको,<br>४. जिल्लामा कम्तिमा एउटा तरकारी र दुईवटा फलफूल नर्सरी स्थापना भई संचालन भएको,<br>५. जिल्लामा कम्तिमा एउटा कृषि/पशुजन्य/ मत्स्य प्रशोधन केन्द्र वा उद्योग स्थापना भएको,<br>६. स्थानीय स्तरमा खाद्य सुरक्षाका दृष्टिले महत्वपूर्ण मानिने बाली/बस्तुहरुको उत्पादन र बजार प्रवर्द्धन गरेको, | | | ****** |
| | **च) वन तथा भू-उपयोग** | | | |
| १ वन तथा जैविक विविधता | १. कम्तिमा कूल क्षेत्रफलको ४०% वनले ढाकेको हुनु पर्ने राष्ट्रिय नीति रहेको हुँदा सो भन्दा कम प्रतिशत वन क्षेत्र भएको जिल्लाले वार्षिक रूपमा वृक्षारोपण गर्ने ठोस कार्यक्रम राखेको,<br>२. जिल्लाभित्रका वनमा रहेका जैविक विविधताको आवधिक आँकडा (Data Base) तयार गरी लोप हुन लागेका प्रजातिको संरक्षणसम्बन्धी ठोस योजना जिल्ला परिषद्बाट पास गरेको,<br>३. भू-उपयोग नीति अनुरुप भू-उपयोग क्षेत्र वर्गीकरणको नक्साङ्कन तयार भएको,<br>४. भू-उपयोग क्षेत्र वर्गीकरण अनुरुप भू-उपयोग योजना तयार भएको,<br>५. भू-उपयोग योजना लागू गरिएको, | | | ***** |
| | **छ) विपद् व्यवस्थापन** | | | |
| १. विपद् व्यवस्थापन एवम् प्राकृतिक स्रोत संरक्षण | १. जिल्लाको आवधिक एवम् वार्षिक योजनामा विपद् व्यवस्थापन योजना समावेश भएको र कार्यान्वयन गर्न रकमको व्यवस्था गरेको,<br>२. जिल्लामा ठूलो विपद्का घटनापछि तत्काल उद्धार गरी छोटो अवधिको लागि राख्न सुरक्षित स्थल निर्धारण गरी त्यसमा न्यूनतम पूर्वाधार तयार गरिएको, | | | *** |

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | ३. ढुङ्गा, गिटी बालुवाजस्ता प्राकृतिक स्रोतको संकलन/उत्खनन पछि सो स्थानको किनारमा नदी नियन्त्रण तथा जमिन संरक्षण सम्बन्धी IEE/EIA मा उल्लेख भएका कार्य सो उत्खनन् गर्ने ठेकेदारबाट आफ्नै खर्चमा गर्नुपर्ने गरी ठेक्का सूचना प्रकाशन गर्ने समयमा नै स्पष्ट पारी सोही बमोजिम काम गराएको, | | | |
| ज) प्रदुषण नियन्त्रण | | | | |
| १. औद्योगिक प्रदूषण नियन्त्रण | १. औद्योगिक प्रदूषण रोकथाम तथा नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी जिल्ला परिषदबाट पारित भएको,<br>२. उद्योगहरूलाई प्रदूषण नियन्त्रण प्रमाण-पत्र (अनुसूची ७, वातावरण संरक्षण नियमावली बमोजिम) जारी भएको, | | | ** |
| २. ध्वनि प्रदूषण नियन्त्रण | १. जिल्लामा ध्वनि प्रदूषण नियन्त्रण गर्न गा.वि.स. तथा नगरपालिकालाई प्रोत्साहित गरेको, | | | * |
| ३. वायु प्रदूषण नियन्त्रण | १. गा.वि.स. तथा नगरपालिकालाई वायु प्रदूषण नियन्त्रण गर्न सहयोग तथा सहजीकरण गरेको, | | | * |

उल्लेखित जिल्ला तहका सूचकहरूमध्ये केही सूचकहरू भौगोलिक अवस्थिति अनुसार फरक पर्नसक्ने अवस्थामा जिल्ला समन्वय समितिले निर्णय गरी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष स्पष्ट कारण र पुष्ट्याँईसहित अनुरोध गर्न सक्नेछ । यस उपर केन्द्रीय समन्वय समितिले आवश्यक अध्ययन, विश्लेषण गरी भौगोलिक अवस्थिति अनुसार परिमार्जित उपयुक्त सूचक कार्यान्वयन गर्न सहमती दिन सक्नेछ ।

सम्बन्धित तहका सबै आधारभूत सूचकहरू पूरा नहुँदासम्म वातावरणमैत्री कदर/सम्मान प्रदान गरिने छैन । विकसित सूचकहरूका कूल तारामध्ये कम्तीमा आधाभन्दा बढी तारा पाएको अवस्थामा कदरपत्र सहित वातावरणमैत्री पहिचान हुने लोगो प्रदान गरिने छ । ७५ प्रतिशत तारा हासिल गरेमा दुईवटा तारा तथा सबै विकसित सूचक पूरा गर्नेलाई तीनवटा तारा सहितको कदरपत्र तथा लोगोद्धारा सम्मान गरिने र अन्य सम्मानसमेत प्रदान गर्न सकिने छ ।

सम्बन्धित स्थानीय निकायले आफ्नो खास आवश्यकता र सान्दर्भिकता अनुसार परिषद्को निर्णयबाट आधारभूत सूचक तथा विकसित सूचकमा सामान्य थप गर्न सक्नेछ ।

स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७३(ग) बमोजिम संयुक्त समिति गठन गरी सोही नियम खण्ड (ङ) तथा यस प्रारुप बमोजिमका नतिजा हासिल गर्न चाहेमा त्यस्ता स्थानीय निकायलाई ती सूचक हासिल गर्न विशेष प्रोत्साहन गरिनेछ ।

निश्चित भौगोलिक क्षेत्र तोकी कुनै टोल/वस्ती, वडा, गाउं, नगर, जिल्ला वा दुई वा सो भन्दा बढी टोल/वस्ती, वडा, गाउं, नगर, जिल्लाका आमजनसमुदाय, स्थानीय निकाय तथा सम्बन्धित निकायहरुबाट विशेष सोच राखी त्यस क्षेत्रलाई हरितनगर, धार्मिकनगर, पर्यटकीयनगर आदिजस्ता विशेष थप विशेषतायुक्त विशिष्ट क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछन । त्यस्ता क्षेत्रमा सो घोषणा अनुसारका विकास कृयाकलाप सञ्चालन गर्नका लागि यस प्रारुप बमोजिमका आधारभूत सूचकका अतिरिक्त निश्चित भौगोलिक क्षेत्रका लागि विशिष्ट सूचक तयार गरी केन्द्रिय कार्यान्वयन समन्वय समितिबाट स्वीकृत भएपछि कार्यान्वयनमा ल्याइनेछ । आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको सुझावसमेत लिई विशिष्ट सूचकहरूलाई अन्तिम रूप दिईनेछ ।

# ६

अध्याय

# कार्यान्वयन व्यवस्था

## ६.१ कार्यान्वयन रणनीति

१. स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण,
२. मुख्य उत्प्रेरकको रूपमा सकारात्मक प्रतिस्पर्धा,
३. संस्थागत संरचना र क्षमता विकास,
४. सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन,
५. सचेतना अभियान,
६. समन्वय, सहकार्यसहित स्थानीय निकायको नेतृत्वदायी भूमिका,
७. निरन्तर अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण तथा सुधार ।

## ६.२ कार्यान्वयनका चरणहरू

### क) प्रचार-प्रसार

विभिन्न सञ्चार माध्यम (श्रव्य दृष्य, तथा छापा एवम अन्य उपयुक्त माध्यम) बाट सन्देशमूलक प्रचार-प्रसार गरी सबै घर-परिवारलाई आफ्नो घर, सबै टोलबस्तीलाई आफ्नो टोल तथा गाउँ र नगर नै वातावरणमैत्री बनाउन प्रेरित गरिनेछ । सरल भाषामा सूचनामूलक सामग्री तयार गरी वडा नागरिक मञ्चसम्म पुऱ्याइनेछ । सम्बन्धित सबै सरोकारवालाहरूलाई यस अवधारणाको बारेमा अभिमुखीकरण गरिनेछ । यस्तो अभिमुखीकरण विद्यालयहरूमा समेत सञ्चालन गरिनेछ ।

### ख) आधार तथ्यांक सङ्कलन, विश्लेषण तथा निरन्तर अद्यावधिक

विशेष कार्यक्रम सञ्चालन गरिने क्षेत्रको विस्तृत रूपमा र देशभरको सामान्य रुपमा यस प्रारुप बमोजिमका सूचकको अवस्थाको विवरण सङ्कलन गरिनेछ । विवरण सङ्कलन गर्न आवश्यकता अनुसार छुट्टाछुट्टै फारामहरू विकास गरिनेछ । यसपछि निरन्तर रूपमा चौमासिक उपलब्धी विवरण तयार गरिनेछ । बार्षिक रूपमा हरेक बर्ष आधार तथ्यांकबाट थप भएको उपलब्धी सार्वजनिक गरिनेछ ।

## ग) संस्थागत व्यवस्था

सबै जिल्ला विकास समितिमा यस प्रारुपमा तोकिए बमोजिम वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति, नगरपालिकाहरूमा नगर समन्वय समिति र गाउँ विकास समितिहरूमा गाउँ समन्वय समिति गठन हुनेछ । जिल्ला विकास समितिहरूमा वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखा स्थापना हुनेछ ।

प्रारुप कार्यान्वयनका लागि टोलबस्ती तहदेखि केन्द्रसम्म संरचनाहरू रहनेछन् ।

महानगर/उपमहानगर तथा नगरपालिकाको वडालाई वातावरणमैत्री बनाउन वडामा आवश्यक समन्वय गर्न नगरपालिकाले आवश्यकतानुसार वडास्तरीय समन्वय समिति गठन गर्न सक्नेछ।

स्थानीय निकायमा वातावरणमैत्री शासन समन्वय समिति गठन भएपछि वातावरण, जलवायु परिवर्तन अनुकुलन, बिपद व्यवस्थापन तथा फोहर व्यवस्थापन एवं सरसफाई सम्बन्धि कामको समन्वय गर्न स्थानीय निकायको प्रमुखको संयोजकत्वमा छुट्टै समितिहरु रहने छैनन्। त्यस्ता समितिहरु राखिरहन आवश्यक भएमा यस समिति मातहत रहने गरी आवश्यकतानुसार सम्बन्धित स्थानीय निकायको निर्णय बमोजिम उपसमितिको रुपमा राख्न बाधा पर्ने छैन।

जिल्लामा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापनसंग सम्बन्धित क्षेत्रमा काम गर्ने सबै सङ्घ/संस्थालाई यस प्रारुप बमोजिमका सूचकहरू प्राप्त गर्नेगरी कार्य गर्न जिल्ला विकास समितिले आवश्यक समन्वय तथा निर्देशन गर्नेछ ।

## घ) क्षमता विकास

### १. टोल/समुदाय तह (नगरक्षेत्रको लागि)

क) नगरपालिकामा कार्यरत सामाजिक परिचालक एवम् यसप्रकारका कार्य गर्ने अन्य संघ/संस्थाका सामाजिक परिचालकहरूको कार्य जिम्मेवारी र भूमिका थप गरी परिचालन गरिनेछ ।

ख) टोल विकास संस्था/टोल सुधार समितिका सदस्यहरू, स्वास्थ्य स्वयंसेविका, युवा क्लब तथा वन उपभोक्ता समूह आदिलाई फोहरमैलाको उचित व्यवस्थापन सहित वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण दिइनेछ ।

ग) नगरभित्र समुदाय/टोल एवम् वडाहरूमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार/प्रसार गरिनेछ ।

घ) टोल समुदायमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ङ) टोल विकास संस्थाका सदस्यहरू मार्फत आ–आफ्नो छिमेकका घर-परिवारका महिला/पुरुषलाई घर-परिवारका लागि तयार गरिएका सूचकहरू हासिल गर्ने तरिकाबारे जानकारी प्रदान गरिनेछ ।

च) कृषक तहमा अगुवा कृषकहरू मार्फत प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको असर आदिबारे प्रदर्शनी/चेतना जागरण र सीप प्रदान गर्ने/गराउने आदि क्रियाकलाप सञ्चालन गरिनेछ ।

### २. वडा तह (नगरपालिका क्षेत्र)

क) वडामा रहेका स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, वडा नागरिक मञ्च, वडामा रहेका विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरू आदिलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर-परिवार तथा वडा तहका सूचकहरू,

हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रिया आदिबारे सम्बन्धित वडा वा नगरपालिकाले आफै वा वडाको अगुवाइमा अभिमुखीकरण गरिनेछ ।

ख) वडास्तरमा कार्यालय नभएका अवस्थामा नगरपालिका कार्यालयको कर्मचारीलाई वडा तोकी कार्य जिम्मेवारी तोकिनेछ ।

**३. वडा तह (गाउँ विकास क्षेत्र)**

क) वडामा रहेका स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, वडा नागरिक मञ्च, वडामा रहेका विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरू आदिलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर-परिवार तथा वडा तहका सूचकहरू, हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रिया आदिबारे सम्बन्धित गा.वि.स.ले वा गा.वि.स.को अगुवाइमा अभिमुखीकरण गरिनेछ ।

**४. नगरपालिका**

क) हाल छुट्टै वातावरण शाखा नभएको अवस्थामा विद्यमान संरचनामा रहेको सरसफाई/फोहरमैला व्यवस्थापन शाखा वा अन्य उपयुक्त शाखाको कार्य विवरण अद्यावधिक गराई वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यहरूको जिम्मेवारी समेत थप गरिनेछ ।

ख) वातावरणमैत्री स्थानीय शासन हेर्ने शाखाका कर्मचारीहरूलाई वातावरण संरक्षण, विपद् व्यवस्थापन, IEE/EIA तथा भवन निर्माण संहिता बारे समेत क्षमता प्रदान गरिनेछ ।

ग) वातावरण शाखा मार्फत नगरपालिकाका वडा एवम् टोलहरू तथा सामुदायिक संघ/संस्था आदिको क्षमता विकासका कार्यहरू सञ्चालन गरिनेछ ।

**५. गाउँ विकास समिति**

क) गाउँ विकास समितिमा कार्यरत सामाजिक परिचालक, स्थानीयस्तरमा कार्यरत सामाजिक संघ/संस्था, विद्यालयका प्रधानाध्यापकहरू, स्वास्थ्य चौकीका कर्मचारी तथा कृषि एवम् पशु विकास कार्यालयका गाउँमा कार्यरत कर्मचारीहरूलाई संलग्न गराई अभिमुखीकरण गरिनेछ ।

## ङ) मापन संयन्त्र र विधि (नगरपालिका क्षेत्र)

नगरपालिकाका विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि निम्नअनुसार तालिकामा उल्लेख गरिएको छः

तालिका १८: नगरपालिकाका विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि

| तह | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घर/परिवार तह | टोल सुधार समिति/टोल विकास संस्था | वर्षमा २ पटक | अवलोकन,<br>प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फाराम भरी वडा कार्यालयमा पठाउने । |
| टोल/समुदाय तह | वडा समितिको निर्णयअनुसार वडा अध्यक्ष वा वडा समितिका सदस्यको संयोजकत्वमा वडा कार्यालयमा तोकिएका प्राविधिक, वडामा पर्ने विद्यालयको प्र.अ., स्वास्थ्य चौकी तथा वडास्तरमा रहेको भए युवा क्लव/वातावरण संरक्षणसम्बन्धी कार्य गर्ने, गैसस/सामुदायिक | वर्षमा २ पटक | अवलोकन,<br>प्रत्येक टोलको छुट्टाछुट्टै मापन फाराम भरी वडा कार्यालयमार्फत नगरपालिकामा सिफारिस साथ पठाउने । |

| तह | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| | संस्था, वडा नागरिक मञ्च तथा स्वास्थ्य स्वयंसिविका समेतको प्रतिनिधित्व रहेको टोली, | | |
| वडा तह | नगरपालिकाले न.पा. प्रमुख वा उपप्रमुख वा अर्को वडाको वडाध्यक्षको अध्यक्षतामा नगरपालिकाको प्राविधिक, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, विद्यालय तथा नगरस्तरमा कार्यरत सक्रिय गै.स.स. समेतको टोली मार्फत मापन गर्ने । (पदाधिकारी नभएको अवस्थामा न.पा.मा कार्यरत सम्बन्धित अधिकृतलाई समेत संयोजक तोक्न सक्ने), | वर्षमा २ पटक | अवलोकन,<br>प्रत्येक वडाको छुट्टाछुट्टै मापन फाराम भरी नगरपालिकामा सिफारिस साथ पठाउने । |

## च) मापन संयन्त्र र विधि (गाउँ विकास क्षेत्र)

गाउँ विकास क्षेत्रको विभिन्न तहमा गरिने अनुगमन तथा मापन निम्नअनुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका १९: गाउँ विकास क्षेत्रको विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि

| तह | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घर/परिवार तह | वडा समितिले निर्धारण गरेबमोजिम वडा नागरिक मञ्च, विद्यालय, युवा क्लव, आमा समूह समेतका प्रतिनिधित्व रहेको एक वा सोभन्दा बढी टोली गठन गरी सोही टोली मार्फत अनुगमन/मापन गर्ने, | वर्षमा २ पटक | अवलोकन,<br>प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फारम भरी वडा समितिमा पेस गर्ने, वडा समितिले सिफारिस साथ गा.वि.स.मा पठाउने । |
| वडा तह | गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा अर्को वडाको वडाध्यक्षको अध्यक्षतामा इलाका वन कार्यालय, विद्यालय, गाउँमा कार्यरत सक्रिय गै.स.स., बन उपभोक्ता समूह, स्थानीय आमा समूह समेतको टोली मार्फत मापन गर्ने, | वर्षमा २ पटक | वडा तहको मापन प्रतिवेदन गाउँ विकास समितिमा पेस गर्ने ।<br>सूचकहरूका आधारमा वडाको भ्रमण, वडाबाट सञ्चालित कार्यक्रम सञ्चालन गरेको सहभागी उपस्थिति, स्रोत सामग्री, प्रचार सामग्रीको रेकर्ड एवम् अवलोकन । |
| गाउँ विकास समिति तह | वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिको निर्णयबाट सो समितिको पदाधिकारीको संयोजकत्वमा विषयगत कार्यालयबाट २ जना, जि.वि.स.का प्राविधिक अधिकृत एवम् जिल्लास्तरीय सम्बन्धित गै.स.स.को समेत प्रतिनिधित्व रहेको टोलीले मापन गर्ने, | वार्षिक १ पटक | अवलोकन,<br>योजना दस्तावेजहरूको अध्ययन, भूउपयोग योजना, भवन संहिता आदिको अध्ययन, निजी क्षेत्रसँग गरिएका सम्बन्धित करार/ सम्झौता आदि । |

### छ) मापन संयन्त्र र विधि (नगरपालिका)

नगरपालिकाका सबै वडाहरू वातावरणमैत्री घोषणा भई यस प्रारुपमा उल्लेखित नगरपालिकाका सूचकहरू हासिल भएपछि नगर समन्वय समितिले निर्णय गरी वातावरणमैत्री नगरपालिका घोषणा गरिदिन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्नुपर्नेछ । यस्तो अनुरोध प्राप्त भएपछि केन्द्रीय कार्यान्वयन समन्वय समितिबाट प्राविधिक उपसमिति गठन गरी अनुगमन मूल्याङ्कन गराउनेछ । यो समितिले प्राविधिक उपसमितिको मुल्यांकनको आधारमा वातावरणमैत्री नगर घोषणा गर्न आवश्यक सबै सूचक पूरा भएको पाएमा वातावरणमैत्री नगर घोषणा गर्न नगर समन्वय समितिलाई सहमति दिनेछ । यसरी सहमति दिएपछि विशेष कार्यक्रम साथ नगरक्षेत्रलाई वातावरणमैत्री नगरपालिकाका रूपमा घोषणा गरिनेछ ।

### ज) मूल्याङ्कन संयन्त्र र विधि (महानगरपालिका/उपमहानगरपालिका)

महानगरपालिका र उपमहानगरपालिकाका सबै वडाहरू वातावरणमैत्री घोषणा भइसकेपछि महानगर/उपमहानगर समन्वय समितिले निर्णय गरी वातावरणमैत्री घोषणा गरिदिन केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष अनुरोध गरेमा सो समितिबाट आवश्यकतानुसार प्राविधिक उपसमिति गठन गरी अनुगमन मूल्याङ्कनका लागि खटाइनेछ । प्राविधिक उपसमितिको अनुगमन प्रतिवेदनको आधारमा केन्द्रीय कार्यान्वयन समितिले निर्णय गरी वातावरणमैत्री घोषणा गर्न सिफारिससाथ निर्देशन समितिसमक्ष पठाउनेछ । निर्देशन समितिले सहमति दिएपछि विशेष कार्यक्रमसाथ महानगर/उपमहानगरलाई वातावरणमैत्री नगरको रूपमा घोषणा गरिनेछ ।

### झ) मूल्याङ्कन संयन्त्र र विधि (जिल्ला)

जिल्लाका सबै गाउँ विकास समिति तथा नगरपालिकाहरू वातावरणमैत्री घोषणा भइसकेपछि जिल्ला समन्वय समितिले निर्णय गरी वातावरणमैत्री जिल्ला घोषणा गरिदिन केन्द्रीय कार्यान्वयन समन्वय समितिसमक्ष अनुरोध गरेपछि सो समितिबाट प्राविधिक उपसमिति गठन गरी अनुगमन मूल्याङ्कनका लागि खटाइनेछ । प्राविधिक उपसमितिको अनुगमन प्रतिवेदनको आधारमा केन्द्रीय कार्यान्वयन समितिले निर्णय गरी वातावरणमैत्री घोषणा गर्न सिफारिससाथ निर्देशन समितिसमक्ष पठाउनेछ । यसलाई निर्देशन समितिले सहमति दिएपछि विशेष कार्यक्रमसाथ जिल्लालाई **वातावरणमैत्री जिल्ला**को रूपमा घोषणा गरिनेछ ।

### ञ) विशिष्ट सूचक मूल्याङ्कन संयन्त्र र विधि

विशिष्ट सूचकको मुल्यांकन संयन्त्र र विधि केन्द्रीय कार्यान्वयन समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ६.३ उत्प्रेरणाका तरिका

### क) नगरक्षेत्रका घर-परिवार तह

१. घर-परिवार तहमा उनीहरूको अभ्यास व्यवहार परिवर्तन गराई वातावरणमैत्री घर-परिवार कायम गर्न निर्धारित सूचकहरू प्राप्त गरेको घर-परिवारलाई "**वातावरणमैत्री घर परिवार**" को दर्जा दिई सम्मान गर्ने । यस्तो सम्मान लोगो तथा कदरपत्रको रूपमा प्रदान गरिनेछ । सम्मान स्वरूप पाएको कदरपत्र सम्मान पाउने घरपरिवारको प्रवेशद्वारमा सबैले देख्ने गरी टाँसिनेछ ।

२. **वातावरणमैत्री घर-परिवार**को सम्मान प्राप्त गर्नेलाई नगरपालिका/नगर परिषद्ले निर्णय गरी नगरपालिकाले लगाउने सेवा शुल्क तथा

दस्तुर (स्था.स्वा.शा.ऐन, दफा १४५) मा आंशिक वा पूर्ण छुटको व्यवस्था गर्न सकिनेछ ।

**ख) नगरक्षेत्रको टोल⁄समुदाय तह :**

१. कदर-पत्र प्रदान गर्नेः टोल⁄समुदायले निर्धारित सूचकहरू पूरा गरी "वातावरणमैत्री टोल घोषणा भएको अवस्थामा नगरपालिकाले त्यस्तो टोल⁄समुदायलाई वातावरणमैत्री सम्मान स्वरूप लोगो तथा कदर पत्र प्रदान गर्नेछ । लोगोसहित कदर पत्र प्राप्त गर्ने टोल समुदायलाई आफ्नो क्षेत्रमा सो कदर-पत्र तथा लोगो अनुरूपको होर्डिङ्ग बोर्ड राख्न प्रोत्साहित गरिनेछ ।

२. क्षमता वृद्धिमा अवसर प्रदान गर्नेः वातावरणमैत्री टोल⁄समुदाय घोषित भएका टोलबासी⁄समुदायको सिफारिसमा त्यस टोल समुदायका सदस्यहरूलाई नगरपालिकाले सञ्चालन गर्ने क्षमता विकासका क्रियाकलापहरू (तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि) मा प्राथमिकताका साथ अवसर प्रदान गरी क्षमता वृद्धिको अवसर दिइनेछ । साथै यस्तो कार्यमा क्रियाशील टोललाई भौतिक साधनहरू (फर्निचर, कम्प्युटर आदि) बाट पुरस्कृत गर्न एवं अन्य टोलहरूमा श्रोत व्यक्तिका रूपमा पठाउन सकिनेछ ।

**ग) वडा तह :**

१. **कदर-पत्र प्रदान गर्नेः** निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री बन्ने वडालाई नगरस्तरीय वातावरणमैत्री समन्वय समितिको निर्णयबाट कदर-पत्र तथा लोगो प्रदान गरिनेछ ।

२. **भौतिक सुविधा प्रदान गर्न सक्नेः** वातावरणमैत्री वडा समितिको कार्यालयमा नगरपालिकाबाट थप भौतिक साधन (जस्तैः कम्प्युटर-प्रिन्टर, मोटरसाइकल, फर्निचर आदि) प्रदान गर्न सक्ने साथै यस कार्यमा सक्रियतासाथ सहयोग गर्ने व्यक्ति-विशेषलाई नगद पुरस्कारको व्यवस्था गर्न समेत सकिनेछ ।

३. **अनुदान प्रदान गर्न सक्नेः** वातावरणमैत्री घोषणा भएको वडालाई थप विकसित सूचक हासिल गर्न स्थानीय वातावरण संरक्षण कोषबाट थप अनुदान प्रदान गर्न समेत सकिनेछ ।

**घ) गाउँ विकास समिति तह**

१. **कदर-पत्र तथा लोगो प्रदान गर्नेः** निर्धारित सूचकहरू पूरा गर्ने गाउँ विकास समितिलाई वातावरणमैत्री शासन जिल्ला समन्वय समितिद्वारा "**वातावरणमैत्री गाउँ विकास समिति**" को रूपमा कदरपत्र सहित लोगोद्धारा सम्मानित गरिनेछ ।

२. **वातावरणमैत्री अनुदान प्रदान गर्नेः** वातावरणमैत्री घोषणा भएका गाउँ विकास समितिलाई प्रोत्साहनस्वरूप स्थानीय वातावरण संरक्षण कोषमा जिल्ला तथा केन्द्रबाट थप अनुदान दिन सकिनेछ । यस्तो अनुदान रकम विकासित स्तरका सूचकहरू प्राप्त गर्न खर्च गर्नुपर्नेछ ।


**ङ) नगरपालिका तथा जिल्ला तह**

१. **कदर-पत्र तथा लोगो प्रदान गर्नेः** निर्धारित सूचकहरू पूरा गर्ने नगरपालिका तथा जिल्लालाई नेपाल सरकारद्वारा "**वातावरणमैत्री नगरपालिका⁄जिल्ला**" को रूपमा कदरपत्र तथा लोगोद्वारा सम्मानित गरिनेछ ।

२. **वातावरणमैत्री अनुदान प्रदान गर्नेः** वातावरणमैत्री घोषणा भएका "नगरपालिका⁄ जिल्लालाई प्रोत्साहनस्वरुप वातावरण संरक्षण कोषमा नेपाल सरकारबाट थप अनुदान उपलब्ध गराउन सकिनेछ । यस्तो अनुदान रकम विकसित सूचकहरू हासिल गर्न खर्च गर्नुपर्नेछ ।

## ६.४ संस्थागत संरचना

यस प्रारुपको कार्यान्वयनका लागि देहाय बमोजिम संस्थागत व्यवस्था गरिएको छ ।




## गठन र काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी

### क) वातावरणमैत्री स्थानीय शासन केन्द्रीय निर्देशन समिति

| | |
|---|---|
| राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | अध्यक्ष |
| राष्ट्रिय योजना आयोगको वातावरण हेर्ने सदस्य | सदस्य |
| सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |
| सचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| सचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| सचिव, भुमीसुधार तथा ब्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |

| | |
|---|---|
| सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| सदस्य सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| प्रमुखहरू, जि.वि.स. महासङ्घ, नगरपालिका सङ्घ तथा गा.वि.स. महासङ्घ | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासङ्घ | सदस्य |
| सहसचिव, सं मा.तथा स्था.वि.म. (सम्बन्धित महाशाखा प्रमुख) | सदस्य सचिव |

### काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

क) कार्यक्रमहरूमा दोहोरोपन आउन नदिन नेपाल सरकारका विषयगत मन्त्रालय/निकाय, विकास साझेदार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नीति निर्देशन तथा समन्वय गर्ने,

ख) प्रभावकारी रुपमा अभियान सञ्चालन गर्न केन्द्रीय कार्यान्वयन समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

ग) वातावरणमैत्री जिल्ला, महानगर तथा उपमहानगर घोषणा गर्न सहमति प्रदान गर्ने,

घ) समग्र कार्यक्रमको समीक्षा गरी आवश्यक निर्देशन दिने,

ङ) वातावरण, जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, फोहरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापनजस्ता विषयहरूलाई विकास योजनामा मूलप्रवाहीकरण गर्ने समन्वय तथा सहजीकरण गर्ने ।

### ख) वातावरणमैत्री स्थानीय शासन केन्द्रीय कार्यान्वयन समन्वय समिति

**गठन**

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | अध्यक्ष |
| सहसचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (न.पा. महाशाखा) | सदस्य |
| महानिर्देशक, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग | सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, गृह मन्त्रालय | सदस्य |
| सहसचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| सहसचिव, कृषि विकास मन्त्रालय | सदस्य |
| सहसचिव, शिक्षा मन्त्रालय | सदस्य |
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| सहसचिव, भूमीसुधार तथा ब्यवस्था मन्त्रालय | सदस्य |
| सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| सहसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| महानिर्देशक, वातावरण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | सदस्य |

| | |
|---|---|
| प्रमुख, वातावरण विज्ञान विभाग, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| प्रमुख वातावरण विज्ञान विभाग, काठमाडौँ विश्वविद्यालय | सदस्य |
| कार्यकारी निर्देशक, फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | सदस्य |
| प्रमुख वा प्रतिनिधि, स्थानीय निकायका सङ्घ/महासङ्घ | सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, अन्तरराष्ट्रिय गैर सरकारी संस्था सङ्घ/महासंघ | सदस्य |
| वातावरण पत्रकारहरुमध्ये समितिले मनोनयन गरेको पत्रकार एक जना | सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, गैर सरकारी संस्था सङ्घ/महासङ्घ | सदस्य |
| उपसचिव, (वातावरण व्यवस्थापन शाखा), सं मा. तथा स्था.वि.म. | सदस्य सचिव |

**काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी**

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. मन्त्रालय/निकाय, विकास साझेदार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू बिच कार्यगत समन्वय,
२. क्षेत्रगत रूपमा कार्यक्रमहरूको समन्वय, सहजीकरण तथा अनुगमन,
३. आधारभूत सूचक हासिल गर्ने गरी सहयोगको परिचालन,
४. केन्द्रीय निर्देशन समितिले दिएका निर्देशनहरूको कार्यान्वयन,
५. आवश्यकता अनुसार प्राविधिक उपसमिति गठन,
६. स्थानीय निकायहरुले वातावरणको क्षेत्रमा गरेको खर्च नियमन गरी आवश्यक निर्देशन दिने,
७. वातावरणमैत्री स्थानीय शासनको कार्यान्वयनको लागि क्षमता विकासमा आवश्यक सहयोग,
८. जिल्ला, महानगर तथा उपमहानगरलाई वातावरणमैत्री घोषणा गर्न सहमतिका लागि निर्देशन समितिसमक्ष सिफारिस गर्ने तथा नगरपालिकालाई वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,
९. निश्चित भौगोलिक क्षेत्र तोकि वा हरितनगर, स्वस्थनगर, पर्यटकीय नगरजस्ता विशेष पहिचानयुक्त नगर/गाविस वा संयुक्त रूपमा घोषणा गर्न चाहेका स्थानीय निकायहरू वा निश्चित भौगोलिक क्षेत्रका सूचकलाई अन्तिम रूप दिने,
१०. होटल, सरकारी कार्यालय तथा विद्यालय आदि निकायहरूको लागि प्रस्तावित वातावरणमैत्री थप सूचकहरू निर्धारण गर्ने,
११. वातावरण संरक्षण, फोहोर व्यवस्थापन, भू-उपयोग व्यवस्थापन तथा विपद् व्यवस्थापनमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्ति, संघ-संस्थालाई नगद पुरस्कार तथा सम्मान प्रदान गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
१२. वातावरणमैत्री स्थानीय शासनको लोगो स्वीकृत गर्ने,
१३. मन्त्रालय, केन्द्रीय निकायलाई वातावरणमैत्री घोषणा गर्ने,
१४. आफ्नो कामलाई व्यवस्थित गर्न आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्ने ।

केन्द्रीय कार्यान्वयन समन्वय समितिको सचिवालयको रूपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वातावरण व्यवस्थापन शाखा रहनेछ ।

### ग) वातावरणमैत्री शासन जिल्ला समन्वय समिति

**गठन**

| | |
|---|---|
| सभापति, जिल्ला विकास समिति | अध्यक्ष |
| प्रमुख जिल्ला अधिकारी | सदस्य |
| जिल्लाभित्रका नगरपालिकाका नगरप्रमुखहरू | सदस्य |
| स्थानीय विकास अधिकारी | सदस्य |
| खानेपानी तथा सरसफाई कार्यालयका प्रमुख | सदस्य |
| जिल्ला वन अधिकृत | सदस्य |
| जिल्ला शिक्षा अधिकारी | सदस्य |
| जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख | सदस्य |
| जिल्ला कृषि विकास कार्यालयका प्रमुख | सदस्य |
| जिल्ला पशु सेवा कार्यालयका प्रमुख | सदस्य |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| नापी कार्यालयका प्रमुख | सदस्य |
| जिल्ला भूसंरक्षण कार्यालयका प्रमुख | सदस्य |
| महिला तथा बालबालिका कार्यालयका प्रमुख | सदस्य |
| जिल्ला उद्योग वाणिज्य सङ्घको अध्यक्ष | सदस्य |
| जिल्ला सहकारी संघको प्रमुख | सदस्य |
| गैरसरकारी संस्थाको जिल्ला समन्वय समितिका प्रमुख | सदस्य |
| वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन हेर्ने शाखा प्रमुख, जि.वि.स. | सदस्य सचिव |

राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु आरक्ष पर्ने जिल्लामा सो निकायको प्रमुखलाई सदस्यको रुपमा आमन्त्रित गरिनेछ । आवश्यकतानुसार क्षेत्रगत विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी**

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. जिल्लामा सञ्चालन हुने वातावरण, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकुल, जैविक विविधता संरक्षण भू-उपयोग वर्गीकरण र फोहरमैला व्यवस्थापनसम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

२. गाउँ विकास समितिलाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

३. आवश्यकतानुसार प्राविधिक उपसमिति गठन गर्ने,

४. जिल्लामा सञ्चालित एवम् सञ्चालन हुने वातावरण, विपद्, जलवायु परिवर्तन तथा फोहर व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूलाई यस प्रारुपमा उल्लेखित सूचक हासिल गर्ने गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नका लागि जिल्ला परिषद्मा सिफारिस गर्ने,

५. जिल्लाभरिका वातावरणमैत्री घर-परिवार, टोल तथा वडाका संख्या तथा गाउँ विकास समिति एवम् नगरपालिकाको नामावली विवरण चौमासिक रूपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने व्यवस्था गर्ने,

६. जिल्लामा रहेका सरकारी कार्यालयहरुको अनुसूची-१ बमोजिम अनुगमन मापन गरी लोगो तथा कदर प्रदान गर्ने,
७. जिल्लालाई वातावरणमैत्री बनाउन अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

**घ) वातावरणमैत्री स्थानीय शासन महानगर⁄उपमहानगर समन्वय समिति**

**गठन**

| | |
|---|---|
| नगरप्रमुख | अध्यक्ष |
| कार्यकारी अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| योजना अनुगमन तथा प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्राविधिक कार्यालयको प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला वन अधिकृत वा प्रतिनिधि | सदस्य |
| जिल्ला शिक्षा अधिकारी वा प्रतिनिधि | सदस्य |
| जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| मालपोत कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| नापी कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला कृषि विकास कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला भूसंरक्षण कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| नगरस्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख वा जिल्ला प्रतिनिधि | सदस्य |
| गैरसरकारी संस्थाको नगर समन्वय समितिका प्रमुख वा जिल्ला प्रतिनिधि | सदस्य |
| सम्बन्धित शाखाको प्रमुख वा नगरपालिकाले तोकेको अधिकृत | सदस्य सचिव |

**काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी**

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. महानगर तथा उपमहानगरमा सञ्चालन हुने वातावरण, विपद्, भू-उपयोग वर्गीकरण र फोहरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,
२. आफ्ना वडाहरूलाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,
३. वातावरणमैत्री महा⁄उपमहानगरपालिका घोषणा गर्न सहमतिका लागि सिफारिस गर्ने,
४. नगरमा सञ्चालित एवम् सञ्चालन हुने वातावरण, विपद् तथा फोहर व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई यस प्रारुपमा उल्लिखित सूचक हासिल गर्ने गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नका लागि नगर परिषद्मा सिफारिस गर्ने,
५. नगरभरिका वातावरणमैत्री घर-परिवार, टोल तथा वडाका सङ्ख्या चौमासिक रूपमा सम्बन्धित जिल्ला विकास समिति र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,
६. जिल्लालाई वातावरणमैत्री बनाउन आवश्यक सहयोगीको भूमिका निभाउने,
७. नगरलाई वातावरणमैत्री बनाउन अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

### ङ) वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति

**गठन**

| | |
|---|---|
| नगरप्रमुख | अध्यक्ष |
| कार्यकारी अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| योजना अनुगमन तथा प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्राविधिक कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| खानेपानी तथा सरसफाइ कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला वन अधिकृत वा प्रतिनिधि | सदस्य |
| जिल्ला शिक्षा अधिकारी वा प्रतिनिधि | सदस्य |
| जिल्ला स्वास्थ्य कायालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| मालपोत कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| नापी कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला कृषि विकास कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला पशु सेवा कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| जिल्ला भू–संरक्षण कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| नगरस्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख वा जिल्ला स्तरका प्रतिनिधि | सदस्य |
| गैरसरकारी संस्थाको नगर समन्वय समितिका प्रमुख वा जिल्ला प्रतिनिधि | सदस्य |
| सम्बन्धित शाखाको प्रमुख वा नगरपालिकाले तोकेको अधिकृत | सदस्य सचिव |

**काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी**

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. नगरक्षेत्रमा सञ्चालन हुने वातावरण, विपद् भू-उपयोग वर्गीकरण र फोहरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मुल्यांकन तथा समीक्षा गर्ने,

२. आफ्ना वडाहरूलाई वातावरणमैत्री बनाउन सहयोग समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

३. वातावरणमैत्री नगरपालिका घोषणा गर्न केन्द्रीय कार्यान्वयन समन्वय समितिमा सिफारिस साथ अनुरोध गर्ने,

४. नगरक्षेत्रमा सञ्चालित एवम् सञ्चालन हुने वातावरण, विपद् तथा फोहर व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूलाई यस प्रारुपमा उल्लिखित सूचक हासिल गर्नेगरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नका लागि नगर परिषद्मा सिफारिस गर्ने,

५. नगरक्षेत्रभरिका वातावरणमैत्री घर-परिवार, टोल तथा वडाका सङ्ख्या चौमासिक रूपमा सम्बन्धित जिल्ला विकास समिति र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

६. जिल्लालाई वातावरणमैत्री बनाउन आवश्यक सहयोगी भूमिका निर्वाह गर्ने,

७. नगरक्षेत्रलाई वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

## च) वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समिति

**गठन**

| | |
|---|---|
| गाउँ विकास समितिका अध्यक्ष | अध्यक्ष |
| खानेपानी उपभोक्ता समितिका अध्यक्षहरू | सदस्य |
| गाउँमा रहेका स्वास्थ्य संस्थाका प्रमुख | सदस्य |
| कृषि तथा पशु सेवासम्बन्धी गाउँस्तरीय सेवा केन्द्रका प्रमुख | सदस्य |
| सम्बन्धित रेन्जपोष्ट वा इलाका वन कार्यालयका प्रमुख | सदस्य |
| गा.वि.स. मा रहेका विद्यालयका प्रधानाध्यापकहरू | सदस्य |
| सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरू | सदस्य |
| आमा समूह, युवा क्लब, बाल-क्लब आदि सामाजिक सङ्घ/संस्थाका अध्यक्ष | सदस्य |
| गाउँमा वातावरण संरक्षण, फोहर व्यवस्थापन, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा संलग्न सरकारी, गैरसरकारी संघ/संस्थाका प्रतिनिधि | सदस्य |
| सहकारी संस्थाको गाउँस्तरिय समितिको संयोजक | सदस्य |
| गाउँ विकास समितिका सचिव | सदस्य सचिव |

**काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी**

यस समितिको काम, कर्तव्य, अधिकार एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. गाउँ विकास क्षेत्रमा सञ्चालन हुने वातावरण, विपद् भू-उपयोग वर्गीकरण र फोहरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

२. आफ्ना वडाहरूलाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरणका साथै वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

३. गाउँमा सञ्चालित एवम् सञ्चालन हुने वातावरण, विपद् तथा फोहर व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई यस प्रारुपमा उल्लेखित सूचक हासिल गर्ने गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नका लागि गाउँ परिषद्मा सिफारिस गर्ने,

४. गाउँभरिका वातावरणमैत्री घर-परिवार, तथा वडाका सङ्ख्या चौमासिक रूपमा सम्बन्धित जिल्ला विकास समितिमा पठाउने,

५. गाउँलाई वातावरणमैत्री बनाउन अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

गाउँ, नगर तथा जिल्ला तहका वातावरणमैत्री समन्वय समितिहरूले गरेको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थनीय निकायको हुनेछ ।

## ६.५ वित्तीय स्रोत व्यवस्थापन

वातावरणमैत्री स्थानीय शासन सम्बन्धित तहको वस्तुस्थितिमा आधारित भई नतिजा मापन गर्ने प्रक्रिया भएको हुनाले यसमा लगानीलाई ठूलो महत्व नदिई उपलब्धि र प्रक्रियाहरूको अनुगमन गरिन्छ । यस प्रारुप बमोजिम के योजना गरिएको थियो भन्नुभन्दा सम्बन्धित तह/स्तरमा के प्राप्ति भएको छ, त्यसलाई महत्व दिइ मापन गर्नुपर्ने हुन्छ ।

यस प्रारुपमा प्रस्ताव गरिएका सूचकहरू हासिल गर्न मूलतः घर-परिवारको योगदान महत्वपूर्ण हुन्छ । यस प्रारुप बमोजिम घर-परिवारदेखि जिल्लालाई वातावरणमैत्री बनाउन नेपाल सरकारका विभिन्न निकाय, स्थानीय निकाय, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवम् निजी क्षेत्र सबैको योगदान आवश्यक पर्छ ।

## ६.६ जनशक्ति

वातावरणमैत्री स्थानीय शासन कुनै नयाँ र थप कार्यक्रम/परियोजना नभै प्रचलित ऐन, कानून, रणनीति, निर्देशिकाहरू वमोजिम स्थानीय निकायले आफै वा आफ्नो अगुवाई वा समन्वयमा सञ्चालन गर्नुपर्ने कामहरूको मूल्याङ्कन योग्य सरल सूचक तयार गरी सन्निकटताको सिद्धान्त वमोजिम घर-परिवार लगायत टोलबस्ती/वडास्तरलाई यस्ता सूचक हासिल गर्न प्रोत्साहित गर्ने अवधारणामा आधारित भई तयार गरिएको हुनाले यसलाई कुनै नयाँ कार्यक्रमका रूपमा नलिन र भइरहेको जनशक्तिलाई यस्ता सूचक हासिल गर्ने गरी जिम्मेवारी स्पष्ट गर्न तथा त्यसतर्फ उत्प्रेरित गर्न आवश्यक हुन्छ । आ–आफ्नो क्षेत्रमा सञ्चालन भइरहेका वातावरण संरक्षण, फोहर व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई यस प्रारुपमा प्रस्तावित सूचक हासिल गर्ने गरी समन्वय र निर्देशित गर्नुपर्दछ । केन्द्रीय तहमा आवश्यक समन्वय र सहजीकरण सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखको प्रत्यक्ष निर्देशनमा रही वातावरण व्यवस्थापन शाखाले गर्नेछ ।

जिल्लामा वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाले जिल्ला समन्वय समितिको सचिवालयको रूपमा काम गर्नुका साथै कार्यान्वयनका लागि सहजीकरण गर्नेछ । महानगर, उपमहानगर तथा नगरपालिकामा वातावरण हेर्ने शाखाले सचिवालयको रूपमा काम गर्नेछ ।

गाउँ विकास समितिमा सामाजिक परिचालकलाई यस सम्बन्धी थप जिम्मेवारी सुम्पिइनेछ । सामाजिक परिचालक नभएको अवस्थामा गाउँ समन्वय समितिले अन्य उपयुक्त व्यक्तिलाई तोक्न सक्नेछ ।

कुनै टोलवस्ति, नगर, गाउँ वा निश्चित भौगोलिक क्षेत्रमा विशेष अभियानको रूपमा निश्चित समयावधिभित्र सबै सूचक हासिल गर्नेगरी कार्यक्रम सञ्चालन गर्नका लागि निर्णय भएमा तोकिएको अवधिको लागि आवश्यक जनशक्ति करारमा लिई वा अन्य उपयुक्त प्रक्रियाबाट थप जनशक्ति लिई काममा लगाउन सकिनेछ ।

## ६.७ सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी

यस प्रारुपमा उल्लेखित सूचकहरूमध्ये आ-आफ्नो कार्यक्षेत्रसम्बन्धी सूचकहरू हासिल गर्नेगरी नीति, रणनीति तथा कार्यनीति तयार गरी सो बमोजिम आवश्यक लगानी, समन्वय तथा सहजीकरण गर्ने जिम्मेवारी सबै विषयगत मन्त्रालय तथा सरोकारवाला निकायहरूको हुनेछ । प्रमुख सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम उल्लेख गरिएको छ ।

## १. राष्ट्रिय योजना आयोग

क) वातावरणमैत्री स्थानीय शासनका सूचकलाई केन्द्रबिन्दुमा राखी वातावरणसम्बन्धी नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने,

ख) यस प्रारुपबमोजिमका सूचकहरू हासिल गर्न विषयगत मन्त्रालय/निकाय, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रका कार्यक्रमबीच आवश्यक समन्वय गर्ने,

ग) वातावरणमैत्री स्थानीय शासनसम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमा गर्न समन्वय तथा सहजीकरण गर्ने,

घ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

ङ) यससम्बन्धी कार्यको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

## २. अर्थ मन्त्रालय

क) वातावरणमैत्री स्थानीय शासनका सूचकहरू हासिल हुनेगरी नेपाल सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने,

ख) वातावरणमैत्री सूचक हासिल गर्ने विषयलाई केन्द्रीय बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न प्राथमिकता दिने,

ग) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

घ) यससम्बन्धी कार्यको लगानीका हिसाबले अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

## ३. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

क) वातावरणमैत्री स्थानीय शासनको प्रारुप कार्यान्वयनका लागि समन्वय गर्न केन्द्रीय सचिवालयको रूपमा रही काम गर्ने,

ख) सूचकहरू हासिल गर्न स्थानीय निकायको क्षमता विकासका कार्यहरू सञ्चालन गर्ने,

ग) नीतिगत रूपमा बहस पैरवी गर्ने,

घ) सूचकहरूलाई स्थानीय निकाय सम्बद्ध कार्यविधि एवम् निर्देशिकाहरूमा मूलप्रवाहीकरण गर्ने,

ङ) विशेष विशेषतायुक्त सूचकहरू, जस्तैः हरितनगर, पर्यटकीयनगर, धार्मिकनगर/गाउँ/जिल्ला वा कार्यालय, विद्यालय, होटल आदिका लागि थप सूचक तयार गरी सम्बन्धित निकायसँग समेत सुझाव लिई अन्तिम रूप दिने,

च) वातावरणमैत्री स्थानीय निकायहरूको लगत नियमित रूपमा तयार गरी चौमासिक रूपमा अद्यावधिक गर्ने,

छ) मन्त्रालयको अनुगमन संरचनामा यसका सूचकहरूलाई समावेश गर्ने,

ज) सबै जिल्लामा वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाको स्थापना गर्न व्यवस्था मिलाउने, तथा नगरपालिकाहरुमा समेत वातावरण शाखा स्थापना गर्न उत्प्रेरित गर्ने,

झ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

ञ) आवश्यक अन्य कार्यहरू गर्ने ।

## ४. विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय

क) वातावरणमैत्री स्थानीय विकासको लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्ने,

ख) वातावरण, उर्जा र जलवायु परिवर्तन सम्बन्धी नेपाल सरकारलाई प्राप्त हुने सहयोग यस प्रारुपमा रहेका सूचकहरू हासिल गर्नेगरी लगानी गर्न आवश्यक समन्वय गर्ने,

ग) सबै जिल्लामा वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखाको स्थापना र सञ्चालन गर्न जिल्ला विकास समितिहरूलाई सशर्त अनुदान उपलब्ध गराउन सहयोग गर्ने,

घ) अन्तर्राष्ट्रियस्तरवाट वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नेपाललाई प्राप्त हुने सहयोग यस प्रारुपका सूचकहरू हासिल हुनेगरी लगानी गर्न समन्वय तथा सहजीकरण गर्ने,

ङ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

च) वातावरण संरक्षण नियमावलीमा भएको व्यवस्थाबमोजिम स्थापना भएको कोषको परिचालनबाट उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुऱ्याउने ।

## ५. सहरी विकास मन्त्रालय

क) वातावरणमैत्री घोषणाका लागि प्रतिवद्ध स्थानीय निकायहरूलाई प्राथमिकता दिइ खानेपानी तथा सरसफाइसम्बन्धी सुविधा पुऱ्याउन सहयोग गर्ने,

ख) वातावरण संरक्षण, फोहोर व्यवस्थापन र सहरी सौन्दर्य प्रवर्द्धनसम्बन्धी क्षेत्रमा प्राथमिकताका साथ रकम विनियोजन गर्ने,

ग) राष्ट्रिय भवन निर्माण संहितालाई प्रभावकारी कार्यान्वयन गर्न प्रभावकारी भूमिका निभाउने,

घ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

## ६. वन तथा भूसंरक्षण मन्त्रालय

क) खाली जमिनमा वृक्षारोपण गर्न स्थानीय निकायसँगको साझेदारी र समन्वयमा कार्यक्रमहरू सञ्चालन गर्ने,

ख) वन तथा भू-संरक्षणसँग सम्बन्धित सूचकहरू प्राप्तिका लागि आवश्यक सहयोग समन्वय तथा सहजीकरण गर्ने,

ग) "एक गाउँ एक नर्सरी"लाई प्राथमिकता साथ अघि बढाउने,

घ) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्नेगरी परिचालन गर्न प्राथमिकता दिने ।

ङ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

## ७. कृषि विकास मन्त्रालय

क) वातावरणमैत्री तथा प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने,

ख) वार्षिक बजेट तथा कार्यक्रममा यसका सूचकलाई हासिल गर्नेगरी समावेश गर्ने,

ग) एक गाउँ एक पोखरीलाई अभियानको रूपमा सञ्चालन गर्न सहयोग गर्ने,

घ) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय

कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

ङ) स्थानीय निकायहरूसँगको साझेदारी प्रवर्द्धन गर्ने ।

## ८. भुमीसुधार तथा ब्यवस्था मन्त्रालय

क) राष्ट्रिय भु उपयोग नीतिको कार्यान्वयन गर्न स्थानीय निकायहरुलाई सहयोग गर्ने,

ख) सार्वजनिक तथा पर्ति जग्गाको लगत उपलब्ध गराउने,

ग) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

घ) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्नेगरी परिचालन गर्ने ।

## ९. शिक्षा मन्त्रालय

क) विद्यालयहरूलाई वातारणमैत्री सुचकहरू हासिल गर्न सघाउ पुर्याउने खालका अतिरिक्त कृयाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने,

ख) देशभरका विद्यालयहरूलाई वातावरणमैत्री बनाउन निर्देशित गर्ने,

ग) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

घ) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्नेगरी परिचालन गर्ने ।

## १०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

क) स्वास्थ्यसंस्थाजन्य फोहरमैला व्यवस्थापन गर्न सहजीकरण गर्ने,

ख) देशभरका अस्पतालहरूलाई वातावरणमैत्री बनाउन निर्देशित गर्ने,

ग) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

घ) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्ने गरी परिचालन गर्ने ।

## ११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

क) सबै सडकको दायां बायां हरियाली पबर्द्धन गर्ने,

ख) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

ग) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्नेगरी परिचालन गर्ने ।

## १२. अन्य विषयगत मन्त्रालयहरु

क) आफ्नो र मातहतका केन्द्रीय स्तरका कार्यालयको अनुसूची-१ बमोजिमका सूचकहरु प्राप्ती सम्बन्धमा अनुगमन गरी वातावरणमैत्री घोषणाका लागी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्ने,

ख) मन्त्रालयको वातावरण सम्बन्धि बजेट तथा कार्यक्रमहरू यस प्रारुप बमोजिमका सम्बन्धित सूचकहरू हासिल गर्नेगरी परिचालन गर्ने ।

## १३. विकास साझेदार

क) वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न नेपाल सरकारको प्राथमिकता अनुसार सहयोग गर्ने,

ख) वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहर एवम् विपद् व्यवस्थापनका क्षेत्रमा सहयोग गर्दा यस प्रारुपबमोजिमका सूचकहरू हासिल गर्न सुनिश्चित गर्ने,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोर एवम् विपद् व्यवस्थापनलाई क्षेत्रगत अवधारणा (SWAP) बमोजिम सम्बोधन गर्नेगरी सहयोग उपलब्ध गराउने,

घ) यस प्रारुप वमोजिमका सूचकहरू हासिल गर्न आवश्यक क्षमता विकासका कार्यक्रम, प्रचार⁄ प्रसार र उत्प्रेरणासम्बन्धी कार्यहरू सम्पादन गर्न सहकार्य गर्ने ।

## १४. सबै स्थानीय निकायहरू

क) यस प्रारुपमा तोकिए वमोजिमका नतीजा हासिल गर्न साधन-स्रोतको परिचालन गर्ने,

ख) आफ्नो क्षेत्रमा वातावरण संरक्षणसग सम्बन्धित कार्य गर्ने सबै सरकारी निकायहरू, विकास साझेदार, गैरसरकारी संघ/संस्था तथा निजी क्षेत्रलाई यसै बमोजिमका सूचकहरू हासिल गर्न समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,

ग) आ–आफ्नो स्थानीय निकायलाई वातावरणमैत्री बनाउन प्रयत्नरत रहने ।

## १५. गैरसरकारी संस्थाहरू

यस क्षेत्रमा कार्य गर्ने स्थानीय राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुले प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमको भूमिका निर्वाह गर्नेछन् ।

क) आ–आफ्ना कार्यक्रमहरू सम्बन्धित स्थानीय निकायको वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी स्थानीय निकायसँगको समन्वय तथा सहकार्यमा यस प्रारुप बमोजिमका सूचकहरू हासिल गर्नेगरी परिचालन गर्ने,

ख) स्थानीय तहका सामुदायिक एवम् सामाजिक संघसंस्थाहरूलाई यस प्रारुप बमोजिमका सूचकहरू मापन गर्न आवश्यक पर्ने क्षमता विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्ने ।

घ) यस अवधारणालाई घर-परिवारसम्म पुर्‍याउन स्थानीय निकायसँगको समन्वयमा सामाजिक परिचालनका कार्यहरू सञ्चालन गर्ने,

ङ) घर-परिवार, टोलबस्ती एवम् स्थानीय निकायहरूबीच सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्न उत्प्रेरकको काम गर्ने,

## १६. सहकारी संघसंस्था

क) सहकारी संस्थाका सदस्यहरुलाई यस प्रारुपका घर परिवार तह र टोल तहका आधारभूत सूचकहरु हासिल गर्न प्रेरित गर्ने,

ख) यस प्रारुपमा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी आफ्नो क्रियाकलाप सञ्चालन गर्ने,

ग) सरकार तथा स्थानीय निकायहरूसंग यस प्रारुप बमोजिमका सूचकहरू प्राप्त हुनेगरी साझेदारी तथा सहकार्य गर्ने ।

## १७. निजी क्षेत्र

क) यस प्रारुपमा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्ने,

ख) सामाजिक संस्थागत उत्तरदायित्वको रूपमा यस प्रारुपको सूचक हासिल गर्न सहकार्य गर्ने,

ग) सरकार तथा स्थानीय निकायहरूसंग यस प्रारुप बमोजिमका सूचकहरू प्राप्त हुनेगरी साझेदारी तथा सहकार्य गर्ने ।

## ६.८ सूचकको परिमार्जन तथा व्याख्या

सूचकको व्याख्या तथा समयानुकूल सूचकमा सामान्य सुधार तथा परिमार्जन गर्ने कार्य र सामान्य बाधा फुकाउने कार्य सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गर्नेछ ।

वातावरणमैत्री सार्वजनिक कार्यालयको सूचकहरु अनुसूची-१ बमोजिम हुनेछ । आवश्यकतानुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अन्य निकायका लागि तथा हरितनगर, धार्मिकनगर एवम् पर्यटकीय नगरजस्ता विशेष विशेषतायुक्त स्थानीय निकाय (संयुक्त समिति समेत), नमुना नगर आदिका लागि थप सूचकहरू बनाई कार्यान्वयनको लागि केन्द्रीय कार्यान्वयन समन्वय समितिसमक्ष पेस गर्नेछ । यी सूचकहरू केन्द्रीय कार्यान्वयन समन्वय समितिले स्वीकृत गरेपछि लागू हुनेछन् ।

## अनुसूची १

### सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचकहरु

| सूचक | विस्तारित सूचक | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| १. सरसफाई | १ लैंगिकमैत्री शौचालयको व्यवस्था भएको,<br>२ शौचालयमा हातधुने साबुन र पानीको व्यवस्था भएको,<br>३ शौचालय भित्रका सामानहरु दुरुस्त रहेको र दैनिकरुपमा  सरसफाई हुने गरेको,<br>४ कार्यालयका हरेक कोठा, बरन्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको,<br>५ कार्यालयको भित्ता, सिलिंग तथा पर्खालमा माकुराको जालो, धुलो, लेऊ, अनावश्यक बिरुवा, झारपात, फोहोरको धब्बा नरहेको,<br>६ कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरिएको,<br>७ कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनावश्यक भित्ते लेखन आदि नरहेको, | | | |
| २. कार्यालय भवनको मर्मत सम्भार | १ वर्षको एकपटक आफ्नो कार्यालय भवन तथा पर्खालहरुको रंगरोगन गर्ने गरेको,<br>२ कार्यालयका भित्ताहरुमा सुर्ति, पान थुक्ने नगरेको,<br>३ कार्यालयले आफ्नो भवनको नियमितरुपमा मर्मत संभार गर्ने गरेको,<br>४ कार्यालयको भवनका भित्ता तथा पर्खालहरु नचर्किएको, | | | |
| ३. कार्यालयको सौन्दर्य तथा हरियाली | १ कार्यालय कम्पाउन्ड भित्र रहेको खाली स्थानमा फूल, बिरुवा, दुबो सहितको  सुन्दर बगैंचा रहेको,<br>२ हप्ताको कम्तिमा एकपटक सो बगैंचाको हेरचाह र रेखदेख हुने गरेको,<br>३ कार्यालयलका कर्मचारीहरुले विश्व वातावरण दिवसका दिन कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने गरेको,<br>४ कार्यालय परिसरमा कम्तिमा १० वटा बहुबर्षे बोटबिरुवा हुर्काएको,<br>५ बर्षेपानी जमिनमा रिचार्ज गर्ने गरिएको । | | | |

| सूचक | विस्तारित सूचक | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ४. फोहरमैला व्यवस्थापन | १ कार्यालयको फोहर सड्ने र नसड्ने गरी विभाजन गरिएको,<br>२ सड्ने फोहरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरिएको,<br>३ नसड्ने फोहोरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको,<br>४ अन्य फोहोर मध्ये हानिकारक फोहोर (जस्तो ब्याट्री, सि.एफ.एल्. चिम, फुटेका सिसा/बोतल, ट्युबलाइट आदि) र अन्य फोहोर छुट्याई छुट्टैछुट्टै जम्मा गरी निर्धारित स्थलमा राख्ने गरिएको,<br>५ कार्यालयसंग जोडिएको सडक पेटिलाई नियमितरुपमा सरसफाई गर्ने गरेको<br>६ कार्यालयले टुटेफुटेका सामान, थोत्रा सोफा, फाटेको कार्पेट, च्यातिएको तथा मैलो पर्दा कार्यालयमा प्रयोगमा ल्याउने नगरेको,<br>७ कार्यालय परिसरभित्र र बाहिर फोहोर, धुलो, कागजका टुक्रा तथा अन्य फोहोरजन्य बस्तु नरहेको,<br>८ कार्यालयमा मापदण्ड बाहिरका प्लास्टिकको झोला प्रयोगमा ल्याउन रोक लगाएको । | | | |
| ५. उर्जाको प्रयोग | १ कार्यालयमा ऊर्जा खपत कम गर्ने चिमको प्रयोग (जस्तै LED) भएको,<br>२ कार्यालयमा विद्युतको लागि डिजेल, मट्टितेल वा पेट्रोलबाट चल्ने उपकरणहरू प्रयोगमा नल्याइएको,<br>३ प्रयोगमा नआएको समयमा सबै प्रकारका बिद्युतिय उपकरण बन्द गर्ने गरेको, | | | |
| ६ सवारी साधनको प्रयोग/व्यवस्थापन | १. सवारी साधनको नियमित रूपमा प्रदुषण नियन्त्रण जांच गराई Green Sticker लिने गरेको,<br>२. पुराना सवारी साधनको नियमित रूपमा लिलाम बिक्री गर्ने गरेको, | | | |
| ७ सेवाग्राहीको लागि प्रतिक्षालयको व्यवस्था | १. कार्यालयको अग्रिम भागमा सेवाग्राहीका लागि घामपानी बाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको,<br>२. प्रतिक्षालयमा नियमितरुपमा सरसफाई हुने गरेको, | | | |

| सूचक | विस्तारित सूचक | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ८ सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urinate सहितको महिला तथा पुरुषकालागि सार्वजनिक शौचालय रहेको,<br>२. शौचालयमा पानीको व्यवस्था रहेको,<br>३. शौचालयको नियमितरुपमा सरसफाई हुने गरेको, | | | |
| ९ कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग | १. कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको वा नियमित गरेको,<br>२. कार्यालय भित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्र बाहिर जान दिने गरिएको,<br>३. कार्यालयमा सुरक्षाको लागि कम्पाउन्डवाल लगाईएको र कार्यालयका सबै भवनहरुमा Building Code प्रयोगमा ल्याईएको,<br>४. कार्यालयका पुराना भवनमा Retrofitting प्रविधि प्रयोग गरिएको, | | | |
| १०. चमेना गृह व्यवस्था | १. चमेनागृह सफा सुग्घर रहेको,<br>२. चमेनागृहले सामानहरुको मूल्य सूची हरेक दिन टास्ने गरेको,<br>३. चमेनागृहमा स्वच्छ पिउनेपानीको व्यवस्था भएको,<br>४. चमेनागृह अगाडी व्वस्थित फूल बिरुवा रेहेको,<br>५. कार्यलयले खाजा खाने समय निश्चित गरेको<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको, | | | |

जिल्लास्थित कार्यालयले माथि उल्लेखित सूचकहरु पुरा गरे नगरेको सम्बन्धमा वातावरणमैत्री जिल्ला समन्वय समितिले प्राबिधिक उपसमिति गठन गरि मापन अनुगमन गराई सबै सूचकहरु पुरा गरेको पाईएमा वातावरणमैत्री घोषणा गरी सम्मान गर्ने निर्णय गर्नेछ । मन्त्रालय, केन्द्रीय निकायको हकमा सम्बन्धित मन्त्रालय, केन्द्रीय निकायले मापन अनुगमन गरी केन्द्रीय कार्यान्वयन समन्वय समिति समक्ष सिफारिस गर्नेछ । सो सिफारिसको आधारमा केन्द्रीय कार्यान्वयन समन्वय समितिले सम्मान गर्ने निर्णय गर्नेछ ।

नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**